# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण



(२०७८ कार्तिक-पुस)

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

सिंहदरबार, काठमाडौं

२०७८ माघ

# विषय सूची


| सि.नं | विवरण | पेज नं. |
|---|---|---|
| १. | कार्यालयको स्वरूप र प्रकृति | १ |
| २. | कार्यालयको काम, कर्तव्य र अधिकार | १ |
| ३. | कार्यालयमा रहने कर्मचारी विवरण | ३ |
| ४. | कार्यालय अन्तर्गतका महाशाखा, शाखा र जिम्मेवार पदाधिकारी | ७ |
| ५. | सम्पादन गरेका कामको विवरण | ११ |
| ६. | प्रवक्ता र सूचना अधिकारीको विवरण | ३३ |
| ७. | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | ३७ |
| ८. | आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण | ३८ |
| ९. | कार्यालयको वेबसाइट | ३८ |
| १०. | कार्यालयमा परेको सूचना मागसम्बन्धी निवेदन र सूचना दिइएको विषय | ४२ |

## १. कार्यालयको स्वरूप र प्रकृति

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मुलुकको शासकीय प्रबन्धमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै समग्र राष्ट्रको नीति निर्माण एवं व्यवस्थापनको समन्वय गर्ने निकाय हो । शासकीय प्रबन्धलाई जनमुखी, जवाफदेही र जन उत्तरदायी बनाउन सो अनुकूलको निर्णय लिने, निर्देशन दिने र समन्वय एवम् नियन्त्रण गर्ने निकायको रूपमा यसले कार्य गर्दै आएको छ । सबै मन्त्रालयहरूबाट सम्पादन हुने कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यहरू यस कार्यालयको कार्य क्षेत्रभित्र पर्छन् । साथै, संघ, प्रदेश र स्थानीय तहहरूबीचको समन्वयको नेतृत्वसमेत यो कार्यालयको जिम्मेवारीमा रहेको छ । नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस कार्यालयलाई ४८ वटा कार्य जिम्मेवारी तोकिएका छन् । यसका साथै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ ले प्रदान गरेका जिम्मेवारी समेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सम्पादन गर्दै आएको छ ।

नेपाल सरकार (मन्त्रिपरिषद्) का कामकारबाहीलाई सुव्यवस्थित र प्रभावकारी बनाउन देहायअनुसारका ५ वटा मन्त्रिपरिषद् समितिहरूको व्यवस्था छ ।

१) राजनीतिक समिति

२) प्रशासन समिति

३) सामाजिक समिति

४) आर्थिक तथा पूर्वाधार समिति

५) विधेयक समिति

यी समितिहरूको अध्यक्षता मन्त्रीबाट हुने र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव समितिको सचिव रहने व्यवस्था छ ।

## २. कार्यालयको काम, कर्तव्य र अधिकार

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ का अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यविवरण यसप्रकार रहेको छः

१. मन्त्रिपरिषद्सम्बन्धी;

२. नेपाल सरकारको कार्य विभाजन र कार्यसम्पादन नियमावली तर्जुमा तथा कार्यान्वयन;

३. नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन;

४. नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन;

५. नेपाल सरकार मन्त्रालयको कार्यको रेखदेख, निरीक्षण, नियन्त्रण र समन्वय;

६. नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन नीति, आवधिक योजना र रणनीतिको तर्जुमा; स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;

७. प्रचलित कानूनबमोजिम प्रमाणीकरण गर्नुपर्ने लिखत;

८. संघीय विधेयक, अध्यादेश, नियम, आदेश, निर्देशिका र कार्यविधिसम्बन्धी;

९. मुलुकको राजनीतिक, आर्थिक, सामाजिक अवस्था, पूर्वाधार, राष्ट्रिय सुरक्षा, शान्ति सुव्यवस्था, कुटनीतिक गतिविधि, प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी प्राप्ति, निर्देशन र समन्वय;

१०. शासकीय प्रबन्ध, सुशासन प्रवर्द्धन र प्रशासनिक सुधार;

११. द्विपक्षीय तथा बहुपक्षीय सन्धि, सम्झौता, समझदारी र सहमति कार्यान्वयनको अनुगमन;

१२. संघीय शासन प्रणाली र अन्तरप्रदेशसम्बन्धी कार्य;

१३. प्रधानमन्त्रीको सम्पर्क र सञ्चार;

१४. प्रधानमन्त्रीको निर्देशन कार्यान्वयन;

१५. मानव अधिकारको संरक्षण, प्रवर्द्धन, समन्वय र प्रतिवेदन;

१६. भ्रष्टाचारविरूद्धको नीति, योजना तथा कार्यान्वयन;

१७. राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालयसम्बन्धी;

१८. संवैधानिक परिषद्;

१९. संघीय संसद्को अधिवेशन आह्वान र अन्त्य;

२०. प्रदेश प्रमुखसम्बन्धी;

२१. परराष्ट्र तथा सुरक्षा मामिला;

२२. अख्तियार दुरूपयोग अनुसन्धान आयोग,

२३. लोक सेवा आयोग;

२४. राष्ट्रिय मानव अधिकार आयोग;

२५. महान्यायधिवक्ताको कार्यालय र सरकारी वकिलको सम्पर्क निकाय;

२६. राष्ट्रिय योजना आयोग;

२७. राष्ट्रिय पुनर्निर्माण प्राधिकरण;

२८. लगानी बोर्ड;

२९. राष्ट्रिय सतर्कता केन्द्र;

३०. सार्वजनिक खरिद अनुगमन कार्यालय;

३१. नेपाल ट्रष्टको कार्यालय;

३२. गरिबी निवारण कोष;

३३. राष्ट्रिय अनुसन्धान विभाग;

३४. सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग;

३५. राजश्व अनुसन्धान विभाग;

३६. विषय विज्ञ समूह;

३७. राष्ट्रिय तथा अन्तर प्रदेशस्तरीय विकास आयोजनाहरूको नतिजा व्यवस्थापन;

३८. प्रदेशका पदाधिकारी तथा कर्मचारीको वैदेशिक भ्रमणसम्बन्धी नीति, कानून र मापदण्ड;

३९. गैरसरकारी संस्थाको नियमनसम्बन्धी मापदण्ड;

४०. भ्रष्टाचार निगरानी, नेपाल ट्रष्ट, राजश्व अनुसन्धान, सम्पत्ति शुद्धीकरण, लगानी बोर्ड, गरिबी निवारण कोष, सार्वजनिक खरिद र राष्ट्रिय पुनर्निर्माणसम्बन्धी निकायहरू र सोसम्बन्धी नीति, कानून र मापदण्ड;

४१. विपद् व्यवस्थापनसम्बन्धी समन्वय;

४२. प्रधानमन्त्री केन्द्रीय विपद् सहायता कोष संचालन;

४३. अदालतको फैसला कार्यान्वयन तथा अनुगमन;

४४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय;

४५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान आदिको संचालन र नियमन;

४६. नेपाल न्याय सेवाको सरकारी वकिल समूहको सञ्चालन;

४७. प्रधानमन्त्री र मन्त्रिपरिषद्सम्बन्धी अन्य कार्यहरू;

४८. अवशिष्ट अधिकार प्रयोग ।

## ३. कार्यालयमा रहने कर्मचारी विवरण

### संगठन संरचना

कार्यालयको वर्तमान सांगठनिक संरचना अनुसार ११ वटा महाशाखा र २७ वटा शाखाहरू रहेका छन् । यस कार्यालयमा २३३ जनाको स्वीकृत स्थायी दरबन्दी र ४५ करार दरबन्दी रहेको छ । यस कार्यालयका प्रमुख पदाधिकारीको रूपमा नेपाल सरकारका मुख्य सचिव (रा.प.विशिष्ट श्रेणी) रहने व्यवस्था छ । मुख्यसचिव मातहतमा पाँच जना सचिव (रा.प.विशिष्ट श्रेणी) र उहाँहरू अन्तर्गत विभिन्न ११ वटा महाशाखा हेर्ने गरी ११ जना सहसचिव (रा.प.प्रथम श्रेणी) को दरवन्दी रहेको छ । प्रत्येक शाखाको कार्य सम्पादनका लागि उपसचिवको मातहतमा शाखाको कार्य बोझअनुसार शाखा अधिकृतदेखि कार्यालय सहयोगीसम्मका कर्मचारीको दरबन्दी रहेको छ । यस कार्यालयको दरवन्दी विवरण र संगठन संरचना यस प्रकार रहेको छ ।

## दरबन्दी तेरिज


| सि.न. | पदको नाम | श्रेणी/तह | सेवा | समूह | उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | मुख्य सचिव | रा.प. विशिष्ट | – | – | – | १ |
| २ | सचिव | रा.प. विशिष्ट | प्रशासन | – | – | ४ |
| ३ | सचिव | रा.प. विशिष्ट | न्याय | – | – | १ |
| ४ | सह-सचिव | रा.प. प्रथम | प्रशासन | – | – | ९ |
| ५ | सह-सचिव | रा.प. प्रथम | न्याय | कानून | – | २ |
| ६ | उप-सचिव | रा.प. द्वितीय | प्रशासन | सा.प्र. | – | २३ |
| ७ | उप-सचिव | रा.प. द्वितीय | न्याय | कानून | – | ४ |
| ८ | उप-सचिव | रा.प. द्वितीय | प्रशासन | लेखा | – | १ |
| ९ | उप-सचिव | रा.प. द्वितीय | तथ्याङ्क | तथ्याङ्क | | १ |
| १० | उप-सचिव (सूचना प्रविधि) | रा.प. द्वितीय | विविध | – | – | १ |
| ११ | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सा.प्र. | – | ४२ |
| १२ | शाखा अधिकृत | रा.प. तृतीय | परराष्ट्र | परराष्ट्र | | १ |
| १३ | शाखा अधिकृत | रा.प. तृतीय | न्याय | कानून | – | ४ |
| १४ | लेखा अधिकृत | रा.प. तृतीय | प्रशासन | लेखा | – | २ |
| १५ | कम्प्युटर अधिकृत | रा.प. तृतीय | विविध | – | – | ३ |
| १६ | कम्प्युटर इन्जिनियर | रा.प. तृतीय | विविध | – | – | १ |
| १७ | तथ्याङ्क अधिकृत | रा.प. तृतीय | तथ्याङ्क | तथ्याङ्क | – | १ |
| १८ | पुस्तकालय अधिकृत | रा.प. तृतीय | शिक्षा | लाइब्रेरी साइन्स | – | १ |
| १९ | छविकला अधिकृत | रा.प. तृतीय | शिक्षा | | | १ |
| २० | नायव सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | – | २० |
| २१ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | – | १ |
| २२ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम(प्रा.) | विविध | – | – | ३४ |
| २३ | पुस्तकालय सहायक | रा.प.अनं.प्रथम(प्रा.) | शिक्षा | लाइब्रेरी साइन्स | – | १ |
| २४ | मेकानिकल सुपरभाइजर | रा.प.अनं.प्रथम(प्रा.) | ई. | मे.ई | – | १ |
| २५ | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | सा.प्र. | | ५ |
| २६ | सिनियर मिस्त्री | रा.प.अनं. द्वितीय | ई. | मे.ई | – | १ |
| २७ | इलेक्ट्रिसियन | रा.प.अनं. द्वितीय | ई. | | | १ |
| २८ | हे.टे.ब्वाई | रा.प.अनं. द्वितीय | विविध | – | – | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २९ | प्लम्बर | रा.प.अनं. द्वितीय | ई. | | | १ |
| ३० | हेभी सवारी चालक | श्रेणी विहीन | ई. | – | – | १ |
| ३१ | ह.स.चा. | श्रेणी विहीन | ई. | – | – | १८ |
| ३२ | का.स. | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | ३३ |
| ३३ | का.स.(बगैचा) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | १ |
| ३४ | का.स.(सरसफाई) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | ७ |
| ३५ | का.स.(मेसेन्जर) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | २ |
| | **जम्मा** | | | | | **२३३** |

## सेवा करारबाट पूर्ति गरिने थप पद

| सि.न. | पदको नाम | श्रेणी/तह | सेवा | समूह | उपसमूह |
|---|---|---|---|---|---|
| १. | कम्प्युटर टेक्निसियन | रा.प.अनं.प्रथम | विविध | | |
| २. | टेलिफोन अपरेटर | रा.प.अनं.प्रथम | ई. | ई. एण्ड क. | |
| ३. | लिफ्ट अपरेटर | रा.प.अनं.द्वितीय | ई. | इलेक्ट्रिकल | |
| ४. | ह.स.चा. | श्रेणी विहीन | ई. | – | – |
| ५. | का.स. | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – |

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संगठन संरचना



## ४. कार्यालय अन्तर्गतका महाशाखा, शाखा र हाल कार्यरत पदाधिकारीहरू

| महाशाखा/शाखाको नाम | जिम्मेवार पदाधिकारी |
|---|---|
| **प्रशासन र नतिजा व्यवस्थापन** | **सचिव श्री लक्ष्मण अर्याल** |
| प्रधानमन्त्रीको निजी सचिवालय | उपसचिव श्री जनकराज भट्ट |
| मुख्यसचिवको सचिवालय | उपसचिव श्री गोकुल बस्नेत |
| **१. मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा** | **सहसचिव श्री बुद्ध बहादुर गुरूङ** |
| (क) मन्त्रिपरिषद् बैठक शाखा (केन्द्रीय) | उपसचिव श्री विष्णुप्रसाद घिमिरे |
| (ख) मन्त्रिपरिषद् समिति तथा संवैधानिक निकाय शाखा | उपसचिव श्री प्रदिप श्रेष्ठ |
| (ग) मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन शाखा | उपसचिव श्री मञ्जु शर्मा सुवेदी |
| **२. प्रशासन महाशाखा** | **सहसचिव श्री मदन दहाल** |
| (क) प्रशासन शाखा | उपसचिव श्री सन्तोष पौडेल |
| (ख) आर्थिक प्रशासन शाखा | उपसचिव श्री सूर्य भण्डारी |
| (ग) प्रधानमन्त्री सचिवालय व्यवस्थापन शाखा (बालुवाटार) | उपसचिव |
| **३. नतिजा व्यवस्थापन महाशाखा** | **सहसचिव श्री शिवादेवी दाहाल** |
| (क) तत्काल समस्या समाधान केन्द्र | उपसचिव श्री सन्तोष प्रसाद दाहाल |
| (ख) नतिजा व्यवस्थापन तथा विश्लेषण शाखा | उपसचिव श्री ज्ञानहरी घिमिरे |
| (ग) तथ्याङ्क शाखा | उपसचिव श्री शरदकुमार शर्मा |
| (घ) सूचना प्रविधि शाखा | सूचना प्रविधि निर्देशक श्री मनिष भट्टराई |
| **राष्ट्रिय सुरक्षा र सुशासन** | **सचिव श्री सुर्य प्रसाद गौतम** |
| **४. राष्ट्रिय सुरक्षा तथा कूटनीति समन्वय महाशाखा** | **सहसचिव श्री राजेन्द्र पराजुली** |
| (क) सूचना समन्वय शाखा | उपसचिव श्री भविश्वर पाण्डे |
| (ख) सूचना सञ्चार तथा वैदेशिक समन्वय शाखा | उपसचिव श्री कविता फुँयाल |
| **५. शासकीय सुधार महाशाखा** | **सहसचिव श्री नारायण प्रसाद भट्ट** |
| (क) सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार निगरानी शाखा | उपसचिव श्री प्रेम प्रसाद आचार्य |
| (ख) सम्पत्ति शुद्धीकरण तथा राजस्व अनुसन्धान शाखा | उपसचिव श्री कुल बहादुर जि.सी. |
| (ग) हेलो सरकार शाखा | उपसचिव श्री छविलाल पाण्डे |
| **प्रादेशिक समन्वय र सामाजिक विकास** | **सचिव श्री रामप्रसाद थपलिया** |
| **६. प्रादेशिक समन्वय तथा योजना महाशाखा** | **सहसचिव श्री महादेव पन्थ** |
| (क) प्रादेशिक समन्वय शाखा | उपसचिव श्री चक्रपाणि शर्मा |
| (ख) योजना, अनुगमन तथा विपद् समन्वय शाखा | उपसचिव श्री उर्मिला काफ्ले |
| **७. सामाजिक विकास तथा रूपान्तरण महाशाखा** | **सहसचिव श्री शंकर नेपाल** |

| | |
|---|---|
| (क) महिला, बालबालिका, जेष्ठ नागरिक, श्रम तथा सामाजिक सुरक्षा शाखा | उपसचिव श्री सिर्जना शर्मा |
| (ख) शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद शाखा | उपसचिव श्री राजमणि दाहाल |
| **आर्थिक तथा पूर्वाधार विकास** | **सचिव श्री शिशिर कुमार ढुङ्गाना** |
| **८. लगानी, उत्पादन तथा रोजगार प्रवर्द्धन महाशाखा** | **सहसचिव श्री ध्रुव घिमिरे** |
| (क) कृषि, वन तथा वातावरण शाखा | उपसचिव श्री मनोज रेग्मी |
| (ख) अर्थ, उद्योग, वाणिज्य तथा पर्यटन शाखा | उपसचिव श्री यज्ञ पुरी |
| **९. पूर्वाधार विकास महाशाखा** | **सहसचिव श्री** |
| (क) भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा शाखा | उपसचिव श्री अजिता शर्मा |
| (ख) खानेपानी, सहरी विकास तथा सञ्चार शाखा | उपसचिव श्री प्रमिला आचार्य |
| **कानून तथा मानवअधिकार** | **सचिव श्री धनराज ज्ञवाली** |
| **१०. कानून तथा फैसला कार्यान्वयन महाशाखा** | सहसचिव टिकाराम पाण्डे |
| (क) कानून शाखा | उपसचिव श्री पुरुषोत्तम नेपाल |
| (ख) फैसला कार्यान्वयन शाखा | उपसचिव श्री सम्झना खनाल |
| **११. मानवअधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा** | **सहसचिव श्री कोशलचन्द्र सुवेदी** |
| (क) मानव अधिकार शाखा | उपसचिव श्री राजेन्द्र न्यौपाने |
| (ख) अन्तर्राष्ट्रिय कानून र सन्धि सम्झौता शाखा | उपसचिव श्री श्रद्धा रिजाल |

## २०७८ कार्तिकदेखि २०७८ पुस मसान्तसम्म अवकाश, सरूवा तथा पदस्थापन भएका कर्मचारीहरूको विवरण

### अवकाश तथा राजीनामाबाट निवृत्त कर्मचारीहरूको विवरण

| सि.नं | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री शिव बहादुर तामाङ | हलुका सवारी चालक |

### यस कार्यालयमा सरुवा तथा पदस्थापन भई आएका कर्मचारीहरूको विवरण

| क्र.सं. | कर्मचारीको नाम | पद |
|---|---|---|
| १ | श्री याम कुमारी खतिवडा | सचिव |
| २ | डा. रमेशप्रसाद सिंह | सचिव |
| ३ | श्री राम प्रसाद थपलिया | सचिव |
| ४ | श्री सुर्य प्रसाद गौतम | सचिव |
| ५ | श्री खगेन्द्र प्रसाद नेपाल | सचिव विशेष दरबन्दी |

| क.सं. | कर्मचारीको नाम | पद |
|---|---|---|
| ६ | श्री मधुसुदन बुर्लाकोटी | सचिव अतिरिक्त समूह |
| ७ | श्री सुशिल चन्द्र तिवारी | सचिव |
| ८ | श्री महादेव पन्थ | सहसचिव |
| ९ | श्री शिवराम गेलाल | सहसचिव |
| १० | श्री टिकाराम पाण्डे | सहसचिव |
| ११ | श्री मनोज आचार्य | सहसचिव |
| १२ | श्री लक्ष्मण विक्रम थापा | उपसचिव |
| १३ | श्री राजमणि दाहाल | उपसचिव |
| १४ | श्री मनोज रेग्मी | उपसचिव |
| १५ | श्री भविश्वर पाण्डे | उपसचिव |
| १६ | श्री विष्णु प्रसाद सुवेदी | उससचिव |
| १७ | श्री प्रेम प्रसाद आचार्य | उपसचिव |
| १८ | श्री आनन्दराम श्रेष्ठ | शाखा अधिकृत |
| १९ | श्री बाल कुमार श्रेष्ठ | शाखा अधिकृत |
| २१ | श्री सागर अधिकारी | शाखा अधिकृत |
| २२ | श्री मोतिराम भुषाल | शाखा अधिकृत |
| २३ | श्री रुद्र बहादुर पछाई | शाखा अधिकृत |
| २४ | श्री श्रीकृष्ण पौडेल | शाखा अधिकृत |
| २५ | श्री गणेश घिमिरे | शाखा अधिकृत |
| २६ | श्री आसरा बैद्य | शाखा अधिकृत |
| २७ | श्री विनोद गौतम | शाखा अधिकृत |
| २८ | श्री सुभाष न्यौपाने | शाखा अधिकृत |
| २९ | श्री नरेश श्रेष्ठ | लेखा अधिकृत |
| ३० | श्री बाल कुमार श्रेष्ठ | शाखा अधिकृत |
| ३१ | श्री बन्दना कुमारी | शाखा अधिकृत |
| ३२ | श्री रजनी ठाकुर | शाखा अधिकृत |
| ३३ | श्री श्याम प्रसाद ओझा | नायब सुब्बा |
| ३४ | श्री प्रदिपराज भण्डारी | नायब सुब्बा |
| ३५ | श्री दीपक तिम्सिना | नायब सुब्बा |

## यस कार्यालयबाट सरुवा तथा पदस्थापन भई गएका कर्मचारीहरूको विवरण

| सिनं | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री महेश्वर न्यौपाने | सचिव |
| २. | श्री भरतमणी सुवेदी | सचिव |
| ३. | श्री भवनाथ खतिवडा | उपसचिव |
| ४. | श्री शारदा भण्डारी | उपसचिव |
| ५. | श्री पिताम्बर भण्डारी | उपसचिव |
| ६. | श्री गोकुल खड्का | उपसचिव |
| ७. | श्री महेश विक्रम लागेजु | शाखा अधिकृत |
| ८. | श्री मणिकुमार राई | शाखा अधिकृत |
| ९. | श्री शिवचन्द पन्त | शाखा अधिकृत |
| १०. | श्री मिनाक्षी भुर्तेल | शाखा अधिकृत |
| ११. | श्री कृष्णहरि न्यौपाने | शाखा अधिकृत |
| १२. | श्री श्रीराम थापा | शाखा अधिकृत |
| १३. | श्री सुवास रिजाल | शाखा अधिकृत |
| १४. | श्री मधुसुदन भट्टराई | शाखा अधिकृत |
| १५. | श्री देवराज पोखरेल | लेखा अधिकृत |
| १६. | श्री झलक बहादुर कार्की | नायव सुव्वा |
| १७. | श्री खड्क बहादुर घर्ती | नायव सुव्वा |
| १८. | श्री पारस भण्डारी | नायब सुब्बा |
| १९. | श्री नुतन गौतम | कम्प्युटर अपरेटर |
| २०. | श्री विशाल भण्डारी | कम्प्युटर अपरेटर |

## ५. सम्पादन गरेका मुख्य-मुख्य कामको विवरण

यस कार्यालयका विभिन्न महाशाखा तथा शाखाहरूबाट आर्थिक वर्ष २०७८/७९ को दोस्रो त्रैमासिक अवधिमा सम्पादित मुख्य-मुख्य कार्यहरूको विवरण निम्नानुसार रहेको छः

- *सम्माननीय राष्ट्रपतिज्यूको विभिन्न स्थानहरूको भ्रमण सम्बन्धमा सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयमा समन्वय गरिएको ।*
- *सम्माननीय प्रधानमन्त्रीज्यूबाट सरकारको न्यूनतम साझा कार्यक्रमको प्रतिवद्धता विकास, सुशासन र समृद्धिको प्रभावकारी कार्यान्वयनको लागि माननीय मन्त्रीज्यू एवं सचिवज्यूहरुको संयुक्त बैठकलाई सम्वोधन एवं निर्देशन भएको ।*
- *नेपाल सरकार मन्त्रिपरिषद्‌का १३ वटा बैठक बसी ३६१ वटा निर्णयहरू गरिएको, मन्त्रिपरिषद् समितिका १० वटा बैठक बसी २५ वटा निर्णय गरिएको ।*
- *प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय र अन्तर्गतका निकायसँग सम्बन्धित विभिन्न पाँचवटा नियमावलीहरू परिमार्जन गरी मन्त्रिपरिषद् बैठक शाखामा पेश गरिएको ।*
- *सम्माननीय प्रधानमन्त्री, नेपाल सरकार,मन्त्रिपरिषद्, संवैधानिक परिषद्, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय समेतलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतहरुबाट म्याद प्राप्त हुन आएका १०७ थान मुद्दाहरुको लिखित जवाफ, पुनरावेदन पत्र तथा प्रतिउत्तर पत्र तयार गरी सम्बन्धित अदालतमा पठाइएको।*
- *केन्द्रीय अनुगमन समितिको बैठक १ पटक, सचिव बैठक १ पटक, COVID-१९ संकट व्यवस्थापन केन्द्र (CCMC) निर्देशक समितिको बैठक १ पटक, बेरुजु फछ्र्यौट अनुगमन तथा मूल्याङ्कन समितिको बैठक ४ पटक र निजामती अस्पताल वोर्डको बैठक २ पटक आयोजना गरिएको ।*
- *नेपाल सरकार मन्त्रिपरिषद्‌को विभिन्न बैठकबाट भएका जम्मा २९७ निर्णयहरूको कार्यान्वयन प्रगति विवरण प्राप्त गरी मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन प्रणालीमा अद्यावधिक गरिएको तथा १०९ निर्णयहरू मन्त्रालयहरूको प्रणालीमा कार्यान्वयन तथा अनुगमनका लागि पठाइएको ।*
- *अफगानिस्तानमा जारी राजनैतिक संकटका कारण त्यहाँ रहेका नेपाली श्रमिकहरु फिर्ता गर्ने सम्वन्धमा कार्ययोजना बनाई परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको समन्वयमा तत्काल कार्य गरी स्वदेश फर्कन चाहने नेपालीहरुको सकुशल उद्धार गर्ने निर्णयहरु गरिएको ।*
- *आ.व.२०७८/७९ को खरिद योजना अनुरूप सरसफाई सेवा बोलपत्रका माध्यमबाट खरिद कार्य सम्पन्न गरिएको ।*

- चालु आ.व.मा हालसम्म पूँजीगततर्फ २०.२३ प्रतिशत र चा.लु.तर्फ ४९.८८ प्रतिशत कुल वित्तीय प्रगति भएको ।
- National Data Bank पोर्टलको खरिद सम्झौता सम्पन्न गरि निर्माण कार्य अगाडी बढाइएको तथा Server Virtualization Software खरिद कार्यको मूल्याङ्कन सम्पन्न गरी खरिद सम्झौता गरिएको।
- यस कार्यलिय अन्तर्गतको एकीकृत अनुगमन प्रणालीको Source Code बागमती प्रदेशलाई हस्तान्तरण गर्ने सम्बन्धमा बागमती प्रदेशका विभिन्न निकायका पदाधिकारीहरुलाई System Orientation गरिएको र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उपलब्ध गराएको Server मा Source Code Deployment को कार्य सम्पन्न गरिएको ।
- नेपाल सरकारले २०७८ पौष मसान्तसम्म दुई तिहाई र २०७८ चैत्र मसान्त सम्म शत्प्रतिशत जनतालाई कोभिड विरुद्धको खोप लगाउने गरी राखेको लक्ष्य कार्यान्वयन गर्न, बढ्दै गएको कोभिड संक्रमण तथा नया भेरिएन्टको प्रभाव कम गर्न विभिन्न अस्पतालहरूका वेड क्षमता, आईसियु, भेन्टिलेटर लगायतका उपकरणहरू तथा अक्सिजनको भरपर्दो व्यवस्थापन गर्न, सीमा नाकाहरूमा रहेका Health Desk हरू प्रभावकारी रूपमा सञ्चालन गर्न तथा एक देशले लगाएको खोपलाई अर्को देशले मान्यता दिई सहज रूपमा आवत जावत गर्ने व्यवस्था मिलाउने लगायत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लगायत सरोकारवालाहरूसँग बैठक गरी निरन्तर निर्देशन, समन्वय र सहकार्य गरिएको।
- विभिन्न सातवटा जिल्लाका सातवटा स्थानीय तहहरूको वडा विभाजन तथा वडा संख्या र सिमाना हेरफेरका लागि सम्बन्धित प्रदेश सरकारबाट सिफारिस भई आएबमोजिम आवश्यक कार्यार्थ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार गरिएको ।
- यस कार्यालय र अन्तर्गतका निकायको चालु आ.व. मा सञ्चालन भएको वार्षिक योजना तथा कार्यक्रमको प्रथम त्रैमासिक प्रगति समिक्षा सम्पन्न गरिएको ।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना उपलब्ध गराई पाउँ भनी यस कार्यालयका सूचना अधिकारीलाई सम्बोधन गरी प्राप्त भएका ३ वटा निवेदनमा आवश्यक कारवाही गरी सूचना उपलब्ध गराइएको ।
- AML/CFT सम्बन्धी राष्ट्रिय समन्वय समितिको २ वटा तथा AML/CFT सम्बन्धी प्राविधिक सहयोग समूहका विभिन्न ४ वटा बैठक सम्पन्न भएका।
- यस अवधिमा सम्वन्धित निकायबाट समाधान भई आएका मध्ये फछ्यौंट गर्न उपयुक्त देखिएको जम्मा १,०९७ गुनासो फछ्यौंट गरिएको । मिति २०७६/०४/०१ देखि

*संचालनमा आएको नयाँ विद्युतीय पोर्टलमा २०७६/०४/०१ देखि हालसम्म प्राप्त गुनासो मध्ये ६४.०६% गुनासो फछ्यौंट भएको।*

- *यस कार्यलयबाट आ.व. २०७८/७९ मा अनुगमनका लागि छनौट भएका राष्ट्रिय गौरव, रुपान्तरणकारी तथा राष्ट्रिय महत्वका आयोजनाहरुको सञ्चालन, अनुगमन प्रणालीमा आवद्धता तथा अन्य बिषयमा भएका प्रगति तथा पर्न गएका समस्याहरुको सम्बन्धमा सम्बन्धित आयोजना प्रमुख लगायत सरोकारवाला निकाय समेतको उपस्थितिमा आयोजनागत छलफल गरी आवश्यक निर्देशन दिइएको।*
- *"Assessment of maternal mortality situation in Nepal: evidence from review of literature and analysis of routing health service and surveillance statistics" सम्बन्धी कार्यपत्र तयार गरेको ।*
- *राष्ट्रिय मानव अधिकार आयोगबाट प्राप्त हुन आएका १५ वटा सिफारिसहरु कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालय तथा निकायमा पठाइएको ।*

यस अवधिमा विभिन्न महाशाखा/शाखाहरूबाट सम्पादन भएका मुख्य-मुख्य कार्यहरूको विवरण यसप्रकार रहेको छः

## ५.१ प्रधानमन्त्रीको निजी सचिवालय

सम्माननीय प्रधानमन्त्रीज्यूको निजी सचिवालयबाट भएको पत्राचार विवरण:

| सि.न. | पत्र प्राप्त निकाय/संस्था/व्यक्ति | संख्या |
|---|---|---|
| १. | मन्त्रालय/निकायमा कार्यार्थ पठाइएका पत्र (बाह्य) | २७९ |
| २. | महाशाखा/शाखामा कार्यार्थ पठाइएका निवेदनहरू | २८१ |
| ३. | टिप्पणी दर्ता | ७१ |
| ४. | टिप्पणी सदर | ६४ |
| ५. | माननीय उपप्रधानमन्त्री/मन्त्री/राज्यमन्त्रीज्यूहरूको भ्रमण स्वीकृति | १०२ |
| ६. | विश्वविद्यालयसम्बन्धी पत्रहरू | ७६ |

## ५.२ मुख्य सचिवको सचिवालय

- २०७८ साल कात्तिकदेखि पुस महिनासम्म १३ वटा मन्त्रिपरिषद्को बैठक बस्यो ।बैठकले ३६१ वटा निर्णयहरु गर्‍यो ।सचिवालयले मन्त्रिपरिषद्को बैठक तय देखि बैठक संचालनका लागि व्यवस्थापनका कार्यमा सञ्चार, समन्वय तथा सहजीकरण गरेको।
- ४ वटा मन्त्रिपरिषद् समितिका १० वटा बैठकका लागि आवश्यक समन्वय/सहजीकरण र

निर्देशन भए बमोजिम अन्य कार्य गरेको।

- मुख्य सचिवज्यूको अध्यक्षतामा सचिव बैठक आयोजना गरेको/ सचिव बैठकमा उपस्थितिको लागि सबै सचिवलाई SMS र फोन मार्फत खबर गरेको। सचिव बैठक कक्षमा सिट व्यवस्थापन गरेको। अन्य प्राविधिक काम समेतको प्रभावकारी व्यवस्था मिलाईएको। बैठकको निर्णय मस्यौदा प्रस्तुत गरी प्रमाणित गराई कार्यान्वयनका लागि सम्बन्धित ठाउँमा पठाउने कार्यमा सहजीरकण गरेको।
- मन्त्रिपरिषद्मा प्रस्तुत हुने प्रस्ताव सम्बन्धमा विभिन्न विषयगत मन्त्रालयका सचिव, सह-सचिव र अन्य तहका पदाधिकारीहरुको सहभागिता रहेको ४० वटा विषयगत बैठक व्यवस्थापन सम्वन्धी कार्य गरेको।
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा आयोजित ९७ वटा तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा आयोजित १२ वटा वढुवा समितिको बैठकमा मुख्य सचिवको सहभागितामा कर्मचारीहरुको वढुवा सम्वन्धी काममा सहजीकरण गरेको।साथै निर्णयहरु प्रमाणित गर्ने कार्यमा सहयोग पुऱ्याएको ।
- नेपाल सरकारको नाममा प्राप्त अध्ययन, तालिम वा भ्रमणको बाँडफाँडको लागि छात्रवृत्ति समितिको २ वटा बैठक आयोजनाको लागि व्यवस्थापन सम्बन्धी कार्य गरेको र सो अवधिमा वसेको बैठकका निर्णयहरु प्रमाणित गराउने, सोको कार्यान्वयनका लागि समन्वय र सहजीकरण गरेको।
- बेरुजु फछ्र्यौट अनुगमन तथा मूल्याङ्कन समितिको २ वटा तथा निजामती अस्पताल वोर्डको ३ वटा बैठकको आयोजना गरी वैठकको निर्णय प्रमाणित गरी कार्यान्वयनको लागि सम्वन्धित निकायमा पठाउने कार्यमा सहजीकरण गरेको।
- यस अवधिमा जम्मा करिब ६००० पटक टेलिफोनबाट जनसम्पर्क गरी सेवा प्रवाहमा सहजीकरण/समन्वय गरेको।
- करिब ६५०व्यक्तिलाई भेटघाटको व्यवस्था मिलाईएको।
- विभिन्न बैठकबारे अग्रिम सूचना दिन नेपाल सरकारका विशिष्ट श्रेणीका पदाधिकारीहरुलाई करिब ३० पटक Group SMS र Group Mail गर्ने काम गरेको।
- ९४ वटा दैनिक कार्यक्रम मुख्य सचिवज्यू समक्ष प्रस्तुत गरी कार्यक्रमका सम्बन्धमा आदेश भए बमोजिम संचार, समन्वय, सहजीकरण र अन्य व्यवस्थापकीय कार्य गरेको। कार्यक्रमले निर्दिष्ट गरे बमोजिम Documents तयारी, बैठक कक्ष व्यवस्था एवं संचालन र अतिथि सत्कार लगायत काम समेत गरेको।
- १३७ वटा पत्रहरु E-Registrationगरी मुख्य सचिवज्यू समक्ष प्रस्तुत गरी आदेशानुसार Onlineबाट नै कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवज्यूहरु

समक्ष पठाउने काम भएको।

- लिखित तथा टेलिफोनबाट प्राप्त करिव ५० ओटा गुनासोहरुको सुनुवाई गरी समाधानको लागि सहजीकरण गरेको।
- नेपाल सरकारका सचिवहरुको ८४ वटा स्वदेश भ्रमण तथा१६वटा विदाको Digital अभिलेख राख्नुका साथै सचिवहरुबाट प्रस्तुत गर्नु भएको स्वदेश भ्रमणको प्रतिवेदन कार्यान्वयनको लागि प्र.म.कार्यालयका सम्बन्धित सचिव समक्ष प्रस्तुत गर्ने कार्य गरेको र एकप्रति सचिवालयमा समेत अभिलेख राख्ने कार्य गरेको।सचिवहरुको हाजिरी र परिचयपत्र व्यवस्थापन सम्बन्धी कार्यहरुलाई निरन्तरता दिएको।
- संवैधानिक अङ्गका पदाधिकारी, प्रदेश प्रमुख,नेपाल सरकारका सचिवहरु र अन्य विभागीय प्रमुखहरुको सम्पर्क नम्बर, E-mail Address र वरियताक्रम अध्यावधिक गर्ने कार्यलाइ निरन्तरता दिएको।
- Representative of UNHCR, फ्रान्स, अमेरिका र भारत लगायतका महामहिम राजदूत तथा संयुक्त राष्ट्रसंघीय प्रतिनिधि, ADB country Director सँग भेटघाट गराउने पूर्व तयारी सम्बन्धी सबै कार्य गरेको। Talking Point बनाई मुख्यसचिवज्यूसँग प्रस्तुत गरेको र सो को अभिलेख राखेको। परराष्ट्र मन्त्रालयसँग समन्वय गर्नुपर्ने कार्य गरेको/गराईएको।
- COVID-19 संकट व्यवस्थापन केन्द्र (CCMC) निर्देशक समितिको ३ पटक बसेको बैठकमा आवश्यक व्यवस्थापन, सहजीकरण र समन्वय सम्बन्धी कार्य गरेको।
- २ पटक आयोजना भएको केन्द्रीय अनुगमन समितिको बैठकमा सहजीकरण तथा व्यवस्थापकीय कार्य गरेको।
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरण तथा राष्ट्रिय विपत जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणका पदाधिकारीहरुको संलग्नतामा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको Exit Plan लगायतका विषयमा आयोजित छलफल कार्यक्रमको सहजीकरण गरेको।
- मेलाम्ची खानेपानी आयोजना सुचारु गरी काठमाडौं उपत्यकामा स्वच्छ खानेपानी नियमित रुपमा आपूर्ति गर्ने सम्वन्धमा भएको वैठकका लागि आवश्यक पर्ने विषयवस्तुमा सहजीकरण गरेको।
- अफगानिस्तानमा रहेका नेपाली नागरीकको उद्धार सम्वन्धमा भएको वैठकको व्यवस्थापनमा सहजीकरण गरेको।
- श्रीमान् मुख्य सचिवज्यूको अध्यक्षतामा केन्द्रीय सचिवालय व्यवस्थापन निर्देशक समितिको बैठक आयोजना गर्ने कार्यमा सहजीकरण गरेको।
- खाद्यान्न वस्तुहरुमा गुणस्तर कायम गर्ने, प्लास्टिक झोला प्रतिवन्ध कार्ययोजना, फोहोर Recycling Policy, रसायनिक मल आपूर्ति, ई.पि.एस. प्रणाली अन्तर्गत कोरिया कामदार पठाउनेलगायतका महत्वपूर्ण विषयहरुको वैठक व्यवस्थापनमा सहजीकरण गरेको।

- सहसचिवहरुको सरूवालाई व्यवस्थित बनाउन सङ्घीय मामिला तथा सामान्य प्रशासनका सचिवहरु र अन्य पदाधिकारीहरुसँग भएका ३ वटा बैठकको आयोजना गर्ने कार्यमा सहयोग पुऱ्याईएको।
- चिकित्सा शिक्षा आयोगमा देखापरेका समस्या समाधानार्थ बैठकको आयोजना, सो को लागि सञ्चार समन्वय सम्बन्धी कार्य गरेको।
- चीनमा अध्ययनरत चिकित्साशास्त्रका विद्यार्थीहरुको समस्या समाधानार्थ पहल गरेको। ३ पटक निजहरुको गुनासो सुनुवाई गरेको। ३ पटक विभिन्न सचिवहरु समेतको सहभागितामा बैठक आयोजना गरी निष्कर्षसहित सम्बन्धित निकायलाई समस्या समाधानको लागि अघि बढ्न मार्गप्रशस्त गर्ने र देशमा नै इन्टर्नशिप गर्ने व्यवस्थाका लागि मुख्य सचिवज्यूबाट भएका सबै प्रयासहरुमा सहयोगी भूमिका निर्वाह गरेको।
- समसामयिक विषयमा नेपाल टेलिभिजनले लिएको अन्तरवार्ताको तयारीको लागि सबै व्यवस्थापकीय कार्य गरेको।
- लिङ्कन स्कुलको MOU सम्बन्धमा परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय, शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय र प्र.म. कार्यालयका सचिवहरु सहितको सहभागितामा ३ वटा सहजीकरण बैठक आयोजना गरेको।
- नीति अनुसन्धान प्रतिष्ठानका अध्यक्ष र पदाधिकारीहरूसँग बैठक आयोजना गरी नीतिगत समस्या समाधान गर्ने कार्यमा सहयोग गरेको।
- महाकाली नदीमा निर्माणाधीन पुलको Redesign सम्बन्धमा माननीय रमेश लेखक, सम्बन्धित सचिवहरु सहितको बैठक व्यवस्थापन सम्बन्धी कार्य गरेको।
- निजामती अस्पतालको बोर्ड बैठकको व्यवस्थापन, सञ्चालन गर्ने कार्यमा समन्वय र सहयोग गरेको।
- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को आठौं बैठकको लागि **SMS** गर्ने, कार्यक्रम व्यवस्थापन गर्ने, बैठक सञ्चालन गर्न आवश्यक पर्ने सबै कार्यमा सहयोग पुऱ्याएको।
- विश्व जलवायु सम्मेलनको पूर्वतयारी सम्बन्धमा २ वटा बैठक आयोजना गरेको । श्रीमान् मुख्य सचिवज्यूको अध्यक्षतामा विश्व जलवायु सम्मेलनमा नेपालले प्रस्तुत गरिने कार्यसूची र प्रधानमन्त्रीज्यूबाट हुने सम्बोधनको खाकाका सम्बन्धमा बैठक गरी अन्तिम रुप दिने काममा सहजीकरण गरेको ।
- खानी विभागले गरिरहेको कामका सम्बन्धमा खानी तथा भू-गर्भ विभागका DG बाट Briefing लिने, संस्थाको प्रगति समीक्षा गर्ने काममा सहजीकरण गरेको।
- नेपाल विद्युत, उत्पादन, प्रशारण, वितरणको मौजुदा अवस्था, सम्भावना र चुनौती वियमा नेपाल विद्युत प्राधिकरणका MD बाट प्रस्तुतीकरण गराउने कार्यमा सहजीकरण गरेको। नेपालमा आन्तरिक खपत भई बढी हुने विजुली भारत, बङ्गलादेशसँग Power trade गर्ने सम्बन्धमा सबै मन्त्रालयहरुका सचिवहरुसँग समन्वयात्मक बैठक सञ्चालन, व्यवस्थापनमा सहजीकरण गरेको।

- वन तथा वातावरण, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, गृह मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको चौमासिक प्रगति समीक्षा गर्ने कार्यमा सहयोग गरेको।
- गरिवी निवारण कोषको बैठक मुख्य सचिवज्यूको अध्यक्षतामा सम्पन्न गरेको। यसले उक्त कोषमा देखिएका प्रशासनिक, सांगठनिक, आर्थिक समस्या समाधानार्थ विभिन्न निर्णयहरु गरेको र उक्त निर्णयहरु प्रमाणित गरी कार्यान्वयनको लागि अगाडि बढाउने काममा सचिवालयले समन्वय गरेको ।
- नेपाल Climate Diplomacy Critical Issue and Way Forward सम्बन्धमा आयोजित बैठकमा श्रीमान् मुख्य सचिवज्यूको सहभागिताको लागि आवश्यक प्रबन्ध मिलाईएको साथै बैठकमा हुने छलफलका बुँदाहरु सम्बन्धित निकायसँग परामर्शका साथ मुख्य सचिवज्यूसमक्ष प्रस्तुत गरेको।
- सम्माननीय प्रधानमन्त्रीज्यू UNO विश्वजलवायु सम्मेलनमा स्कटल्याण्डको ग्लास्को सहरमा प्रस्थान गर्ने कार्यमा मुख्य सचिवज्यूको तर्फबाट हुने समन्वयात्मक कार्यमा सहजीकरण गरेको।
- लगानी बोर्डद्वारा आयोजित अरूण ३ जलविद्युत परियोजना सम्बन्धी बैठकमा मुख्य सचिवज्यूलाई सहभागी गराउने कार्यमा समन्वय गरेको।
- श्रीमान् मुख्य सचिवज्यूबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको क्षेत्र, महाशाखा र शाखाहरुले सम्पादन गरिरहेको काम कार्यालय व्यवस्थापन र अन्य समस्याका बारेमा निरीक्षण गर्ने कार्यको सबै व्यवस्थापकीय कार्य सम्पन्न गर्न गराउन सहयोग गरेको।
- राष्ट्रपतिको कार्यालयद्वारा नवनियुक्त प्रदेश प्रमुखहरुको सपथ गराउने सम्बन्धमा आयोजित कार्यक्रममा श्रीमान् मुख्य सचिवज्यूलाई सहभागिता गराईएको।
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको प्रशिक्षण परिषद्को ६८ औं बैठकका लागि मुख्य सचिवज्यूबाट सेसनको Chair गर्ने कार्यका लागि Talking Points तयार गर्ने/गराउने कार्यमा समन्वय गरेको।
- तातोपानी नाकाबाट मालसामानको ओसारपसारमा देखिएका अवरोध निराकरण गर्न अर्थ मन्त्रालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका सचिवज्यूहरु, सम्माननीय प्रधानमन्त्रीज्यूको प्रशासनिक सल्लाहकार, प्र.म. तथा म.प. कार्यालयका सम्बन्धित क्षेत्र हेर्ने सचिवको समेत सहभागिता रहेको बैठक व्यवस्थापन सञ्चालनमा सहयोग पुऱ्याएको।
- काठमाडौं उपत्यकाको फोहोरमैला व्यवस्थापन सम्बन्धी लगानी बोर्डको PDA लाई अन्तिम रूप दिने सम्बन्धमा अर्थ मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, शहरी विकास मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, प्र.म. कार्यालयका सबै सचिव ज्यूहरु, लगानी बोर्डको CEO, का.म.न.पा. को मेयर, उप-मेयर,

प्रमुख प्रशासकीय अधिकृत समेतको संलग्नतामा छलफल कार्यक्रमको आयोजनाको सबै व्यवस्थापकीय कार्यमा समन्वय र सहजीकरण गरेको।

- विकास कार्यमा कानून निर्माण गरी सहजीकरण गर्ने सम्बन्धी बैठक मुख्य सचिवज्यूको अध्यक्षतामा सम्पन्न गराईएको। यसमा सम्बन्धित सबै मन्त्रालयका सचिवहरु, लगानी बोर्डको CEO समेत सहभागिता गराउन सहयोगी भूमिका निभाईएको।
- नेपाल सरकारका सह-सचिव वा सो सरहका पदाधिकारीहरुको Leadership Development तालिमको समापन समारोहमा सहजीकरण गरेको।
- शरणार्थी सम्बन्धी भैरहेको समस्या समाधानार्थ गृह, अर्थ, परराष्ट्र, **NID Chief** र प्र.म. कार्यालयका सम्बन्धित सचिव समेतको संलग्नता बैठक आयोजना गरी त्यसको निर्णय गर्ने गराउने कार्यमा सहजीकरण गरेको।
- महालेखापरीक्षकको नवनिर्मित भवनको समुद्घाटन कार्यक्रममा मुख्य सचिवज्यूलाई सहभागिता गराउने कार्यमा समन्वय गरेको।
- काठमाडौं विश्वविद्यालयका प्रध्यापकहरुद्वारा अन्वेषण भईरहेको हाइड्रोजन ग्याँस सम्बन्धी कार्य प्रगतिको प्रस्तुतीकरण गराउने कार्यमा समन्वय गरेको।
- सार्वजनिक खरिद सम्बन्धी नियम निर्माणका सम्बन्धमा सम्बन्धित सचिवहरु समेतलाई सहभागी गराई पटक पटक कार्यक्रम आयोजना गर्ने गराउने कार्यमा समन्वय भएको।
- निजामती कर्मचारी अस्पतालको निरीक्षण मुख्य सचिवबाट गराई अस्पतालको प्रगतिको Briefing लिने कार्य सम्पन्न गरेको।
- डिजिटल लेखापरीक्षण कार्यान्वयन सम्बन्धी महालेखापरीक्षकद्वारा आयोजित कार्यक्रममा मुख्य सचिवज्यूलाई सहभागी गराईएको।
- मानव अधिकार सूचना व्यवस्थापन प्रणाली सम्बन्धी सफ्टवेयरको विकास सम्बन्धी १ दिने कार्यशाला गोष्ठीमा मुख्य सचिवज्यूलाई सहभागी गराईएको गोष्ठीमा हुने सम्बोधनको खेस्रा तयारी गरी प्रस्तुत गरेको।
- निजामती कर्मचारी श्रीमती संघका पदाधिकारीहरुसँगको समसामयिक समस्याका सम्बन्धमा छलफलको आयोजना गरेको।
- Make in Nepal का पदाधिकारीहरुसँग स्वदेशीवस्तु उत्पादनका सम्बन्धमा छलफलको आयोजना गरेको। निजहरुसँग Cluster Meeting ३ पटक आयोजना गर्ने काममा समन्वय गरेको।
- International Conference on Nepal Reconstruction 2021 मा मुख्य सचिव सहभागी भई आफ्नो धारणा राख्ने काममा सहयोग पुर्‍याईएको।
- १३ औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको उपलक्ष्यमा आयोजित कार्यक्रमको व्यवस्थापकीय कार्यमा सहयोग, समन्वय गरेको। मानवअधिकार दिवसलाई सफल बनाउन मुख्य सचिवज्यूबाट

गर्नुपर्ने भूमिका निर्वाहका सम्बन्धमा सहजीकरण गर्ने/गराउने व्यवस्था मिलाईएको।

- अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन, २०७४ को कार्यान्वयनमा देखा परेका समस्या समाधानको लागि आयोजित अन्तरक्रियात्मक कार्यक्रमको व्यवस्थापन र समन्वय गरेको।
- प्रदेश सचिवहरुसँग प्रदेशका गितिविधि, समस्याका सम्बन्धमा Online मार्फत Briefing लिने काम श्रीमान् मुख्यसचिवबाट भएको। यस कामको सम्पूर्ण व्यवस्थापनका कार्य गरेको।
- संघीय संसदको दुवै सदनको आह्वान सम्बन्धमा राष्ट्रपति कार्यालयबाट भएको अनुरोध बमोजिम समन्वय, सहजीकरण, सञ्चार लगायतका काम गरेको । संसदको दुवै सदनमा मुख्य सचिवको उपस्थिति आवश्यकतानुसार गर्ने/गराउने व्यवस्था मिलाईएको।
- सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा कोभिड-१९ विशेष खोप अभियान सम्बन्धी समन्वय बैठकको आयोजनाका लागि सूचनाको सम्प्रेषण गरेको ।
- मुख्य सचिवज्यू सहभागी पुनर्निर्माण प्राधिकरणको राष्ट्रिय निर्देशक समितिको बैठकको Agenda मा पूर्वतयारी गर्ने/गराउने काम भएको।
- पुनर्निर्माण प्राधिकरणको कार्यालय हस्तान्तरण गर्ने कार्यक्रमको समन्वय गरेको।
- सचिवस्तरीय कार्यशाला गोष्ठीको आयोजना सम्बन्धी सम्पूर्ण कार्य गर्ने/गराउने कार्यको संयोजन तथा व्यवस्थापन गरेको।
- Staff College द्वारा नवनियुक्त उपसचिवहरुको निमित्त आयोजित तालिमको शुभारम्भमा मुख्य सचिवज्यूको उपस्थिति गराउने कार्यको सहजीकरण गरेको। उक्त कार्यक्रममा मुख्य सचिवबाट हुने सम्बोधनको बुँदाहरु तयार गरी प्रस्तुत गर्ने काम भएको।
- माननीय गृह मन्त्रीज्यूको अध्यक्षतामा भएको स्थानीय तहको निर्वाचन पूर्वतयारी सम्बन्धी बैठकमा मुख्य सचिवज्यूलाई उपस्थित गराउने कार्यमा समन्वय भएको।
- मुख्य सचिवबाट Project Monitory को लागि Action Room को शुभारम्भ सम्बन्धी कार्यमा सहजीकरण भएको।
- सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय मन्त्रीज्यू र नेपाल सरकारका सचिवहरुलाई बजेट, नीतिको कार्यान्वयन सम्बन्धमा निर्देशन दिने कार्यक्रमको सबै व्यवस्थापकीय कार्य गरेको।
- स्वयम्भु क्षेत्रमा सडक विस्तारले पारेको समस्या समाधानार्थ सम्बन्धित निकायसँग तथा गुनासो सुनुवाई गरी सम्बन्धित व्यक्तिहरुसँग भेटघाट गराउने व्यवस्था मिलाईएको।
- बागमती BIOME Project को गतिविधि र कार्यदिशा बारे मुख्य सचिव र सम्बन्धित सचिवहरुको समक्ष प्रस्तुतीकरण गर्ने कार्यमा सहजीकरण गरिएको ।

- संसदको विभिन्न समितिका ४ ओटा बैठकमा मुख्य सचिवलाई उपस्थिति गर्ने/गराउने। संसदीय समितिले सोधेको प्रश्नको जवाफ तयार गरी प्रस्तुत गर्ने/गराउने। छलफलका बुँदाहरु तयार गरी मुख्य सचिवज्यू समक्ष प्रस्तुत गर्ने/गराउने कार्य भएको।

सचिव बैठकका सबै निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।

## मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा

### ५.३ मन्त्रिपरिषद् बैठक शाखा

| महिना | बैठक संख्या | निर्णय संख्या |
|---|---|---|
| कार्तिक | ५ | ९८ |
| मंसिर | ३ | ९० |
| पुस | ५ | १७३ |
| जम्मा | १३ | ३६१ |

नेपाल सरकार मन्त्रिपरिषद् बैठकका निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।

### ५.४ मन्त्रिपरिषद् समिति तथा संवैधानिक निकाय शाखा

२०७८ कार्तिकदेखि २०७८ पुससम्मको मन्त्रिपरिषद् समिति बैठक र निर्णय संख्या

| क्र.सं. | मन्त्रिपरिषद् समिति | बैठक संख्या | निर्णय संख्या |
|---|---|---|---|
| १. | प्रशासन समिति | ३ | ७ |
| २. | सामाजिक समिति | ० | ० |
| ३. | आर्थिक तथा पूर्वाधार समिति | ४ | १४ |
| ४. | विधेयक समिति | ३ | ४ |
| | जम्मा | १० | २५ |

मन्त्रिपरिषद् समिति बैठक तथा निर्णय संख्या (मासिक)

| क्र.सं. | महिना | प्रशासन समिति | | सामाजिक समिति | | आर्थिक तथा पूर्वाधार समिति | | विधेयक समिति | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | *बैठक संख्या* | *निर्णय संख्या* | *बैठक संख्या* | *निर्णय संख्या* | *बैठक संख्या* | *निर्णय संख्या* | *बैठक संख्या* | *निर्णय संख्या* |
| १. | २०७८ कार्तिक | १ | ३ | - | - | २ | ६ | १ | १ |
| २. | २०७८ मंसिर | १ | २ | - | - | १ | ३ | १ | २ |
| ३. | २०७८ पुस | १ | २ | - | - | १ | ५ | १ | १ |
| जम्मा | | ३ | ७ | ० | ० | ४ | १४ | ३ | ४ |

मन्त्रिपरिषद् समितिका सबै निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।

## ५.५ मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन शाखा

- नेपाल सरकार मन्त्रिपरिषद्को विभिन्न बैठकबाट भएका जम्मा २९७ निर्णयहरूको कार्यान्वयन प्रगति विवरण प्राप्त गरी मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन प्रणालीमा अद्यावधिक गरिएको।
- नेपाल सरकार मन्त्रिपरिषद्को विभिन्न बैठकबाट भएका जम्मा १०९ निर्णयहरू मन्त्रालयहरूको प्रणालीमा कार्यान्वयन तथा अनुगमनका लागि पठाइएको। साथै कार्यान्वयन तथा अनुगमन भएका निर्णयहरूको दोस्रो त्रैमासिक प्रतिवेदन तयारी कार्य भइरहेको।
- राजनीतिक प्रकृतिका नियुक्ति/मनोनयनको पदपूर्ति सम्बन्धी विवरण मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन प्रणालीमा अद्यावधिक भएको।
- नेपाल सरकारका सबै केन्द्रीय निकायहरूलाई सम्माननीय प्रधानमन्त्री र मन्त्रिपरिषद्बाट हुने राजनीतिक प्रकृतिका नियुक्ति हुने रिक्त पदहरूको विवरण पठाउन पत्राचार भएकोमा प्राप्त विवरणहरुको आधारमा अभिलेख अद्यावधिक गर्ने कार्य भइरहेको।

## प्रशासन महाशाखा

## ५.६ प्रशासन शाखा

- कार्यालय र मातहतका निकायको जनशक्ति व्यवस्थापनसम्बन्धी कार्य अन्तर्गत कर्मचारीको नियुक्ति, सरुवा, काज, हाजिरी, बिदा, बढुवा, पुरस्कार, तालिम, छात्रवृत्ति मनोनयन, निवृत्तिभरण र अवकाश सम्बन्धित कार्यहरू गरिएको,
- कार्यालयको दैनिक प्रशासन सञ्चालन तथा आन्तरिक व्यवस्थापनको कार्य गरिएको,
- आ.व.२०७८/७९ का लागि खरिद योजना बमोजिम सरसफाई सेवा, स्टेशनरी तथा मसलन्द सामग्री खरिदका लागि बोलपत्रका माध्यमबाट खरिद कार्य सम्पन्न गरिएको,
- सचिव बैठक लगायतका अन्य बैठकको व्यवस्थापन तथा निर्णय कार्यान्वयनका लागि समन्वय गरिएको।
- कार्यालय हाताभित्र सरसफाइ, हरियाली प्रवर्द्धन सम्बन्धी कार्य गरिएको।
- यस कार्यालयको स्वामित्वमा रही प्रयोग विहिन अवस्थामा रहेका सवारी साधनहरु आवश्यक व्यवस्थापनका लागि हेभि इक्यूपमेन्ट डिभिजनलाई उपलब्ध गराइएको।

## ५.७ आर्थिक प्रशासन शाखा

यस अवधिमा आर्थिक प्रशासन शाखाबाट देहायका कार्यहरू सम्पादन गरिएको छ :

- आ.व.०७८/७९ को विनियोजन, राजस्व, धरौटी र कार्य संचालनको प्रथम त्रैमासिक अवधिको आन्तरिक लेखापरीक्षण गराइएको ।
- TDS लाई आन्तरिक राजस्व विभागले तयार पारेको Software मार्फत प्रविष्टि गर्ने कार्य गरिएको ।
- चालु आ.व.को कुल वित्तीय प्रगति पूँजीगततर्फ २०.२३ प्रतिशत र चा.लु.तर्फ ४९.८८ प्रतिशत रहेको ।

- यस कार्यालय तथा अन्तर्गतका निकायहरुको वेरुजुको लगत अद्यावधिक गराउनुका साथै यस कार्यालयको वेरुजु शुन्य गराउन प्रयास गरिएको । यस कार्यालय तथा अन्तर्गतका निकायहरु समेतको कुल बेरुजु रकम रू. ३,७९,००,७९,०००.०० रहेको ।
- आर्थिक प्रशासनसँग सम्बन्धित विषयमा अन्य महाशाखा/शाखाबाट माग गरिएको राय समयमा नै उपलब्ध गराउने गरिएको छ ।

(बजेट अंकसम्बन्धी थप विवरण यसै प्रतिवेदनको सि.नं ८ मा समावेश गरिएको छ)

## सामाजिक विकास तथा रूपान्तरण महाशाखा

### ५.८ महिला, बालबालिका जेष्ठ नागरिक श्रम तथा रोजगार शाखा

- बालबालिका सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धि,१९८९ (CRC) को राष्ट्र संघमा बुझाउनुपर्ने छैठौं र सातौं आवधिक प्रतिवेदनको मस्यौदाका सम्वन्धमा रायसुझाव उपलब्ध गराइएको ।
- कोरियन भाषा परीक्षा पास गरी बसेका कामदारहरुलाई रोजगार अनुमती प्रणाली (EPS) मार्फत दक्षिण कोरिया पठाउने प्रक्रिया अगाडि बढाउन विभिन्न चरणमा बैठक बसी गरेका निर्णयहरुको कार्ययोजनासहित कार्यान्वयनका लागि फलोअप भैरहेको र कामदारहरु क्रमश दक्षिण कोरिया प्रस्थान भैरहेको ।
- महिला, शान्ति र सुरक्षा सम्वन्धी प्रस्ताव नं. १३२५, १८२० को कार्यान्वयन सम्वन्धी दोस्रो राष्ट्रिय कार्ययोजनाको मस्यौदामा रायसुझाव उपलब्ध गराईएको ।

### ५.९ शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद शाखा

- नेपाल सरकारले २०७८ पौष मसान्तसम्म दुई तिहाई र २०७८ चैत्र मसान्त सम्म शत्प्रतिशत जनतालाई कोभिड विरुद्धको खोप लगाउने गरी राखेको लक्ष्य कार्यान्वयनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागका सम्बन्धित पदाधिकारीहरूसँग बैठक गरी निरन्तर निर्देशन, समन्वय र सहकार्य गरिएको।
- बढ्दै गएको कोभिड संक्रमण तथा नयाँ भेरिएन्टको प्रभाव कम गर्न विभिन्न अस्पतालहरूका वेड क्षमता, आईसियु, भेन्टिलेटर लगायतका उपकरणहरू तथा अक्सिजनको भरपर्दो व्यवस्थापन गरी तयारी अवस्थामा रहन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन गरिएको। यस सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागका सम्बन्धित पदाधिकारीहरूसँग बैठक गरी निरन्तर समन्वय र सहकार्य गरिएको।
- कोभिड-१९ को जोखिम कम गर्न नेपाल भारतको सीमा नाकाहरूमा रहेका Health Desk हरू प्रभावकारी रूपमा सञ्चालन गर्ने विषयमा, एक देशले लगाएको खोपलाई अर्को देशले मान्यता दिई सहज रूपमा आवत जावत गर्ने विषयमा समेत स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लगायतका निकायहरूसँग समन्वय र सहजीकरण गरिएको।

- विभिन्न अस्पताल विकास समिति तथा केन्द्रहरू अन्तरगत स्थायी र करार सेवामा कार्यरत चिकित्सकहरूलाई छात्रवृत्तिमा स्नातकोत्तर तहमा साविकमा झैं अध्ययन गर्न पाउनुपर्ने मागका विषयमा सम्बन्धित सरोकारवाला पक्षसँग बैठक गरी आवश्यक सहजीकरण गरिएको।
- विश्व विद्यालय तथा स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूका प्रशासनिक समस्याहरूका विषयमा ती विश्वविद्यालय तथा प्रतिष्ठानहरूका रजिष्ट्रारहरूसँग छलफल गर्न २०७८ मंसिर १२ गतेका दिन भौतिक/ जुम माध्यमबाट एक बैठकको आयोजना गरिएको। सो बैठकमा काठमाडौं उपत्यकाका ४ जना भौतिक रूपमा र वाहिरका ११ जनाको जुम माध्यमबाट सहभागिता रहेको थियो। बैठकमा विश्वविद्यालय तथा स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूका आर्थिक, प्रशासनिक तथा शैक्षिक समस्याहरूका वारेमा छलफल भएको।
- नेपाल भारत सीमा नाकामा निर्माणाधिन होल्डिङ सेन्टरहरूको सञ्चालन गर्न सञ्चालन निर्देशिकाको मस्यौदा तयार गरी पेश गर्न मिति २०७८ पुष १९ गते श्रीमान् सचिवज्यूको अध्यक्षतामा बसेको सरोकारवालाहरूको बैठकले स्वास्थ्य सेवा विभागका निर्देशक डा. कृष्ण प्रसाद पौडेलको संयोजकत्वमा एक कार्यदल गठन गरेको। सो कार्यदलले आफ्नो कार्य सम्पन गरी कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्रमा पेश गरिसकेको।
- बढ्दै गएको कोरोना संक्रमण तथा निजी क्षेत्रले खेल्नु पर्ने भूमिकाका सम्बन्धमा मा.राज्यमन्त्रीज्यूको अध्यक्षतामा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्वर अफ कमर्स लगायतका निजी क्षेत्रका छाता संगठनहरूका प्रमुख/प्रतिनिधिसँग छलफल गरी सरकारले कोभिड-१९ नियन्त्रणका सम्बन्धमा ल्याएको नीति तथा निर्देशनलाई निजी क्षेत्रले समेत सहयोग गर्ने सहमती कायम भएको।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्रका लागि प्रतिनिधित्व गरिएको। सो केन्द्रका बैठकका निर्णयहरूको मस्यौदा तयार गरी पेश गरिएको।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट यस शाखासँग सम्बन्धित विषयगत मन्त्रालयसँग आवश्यकतानुसार पत्राचार तथा समन्वय गरिएको।

## प्रादेशिक समन्वय तथा योजना महाशाखा

### ५.१० प्रादेशिक समन्वय शाखा

- देहायका स्थानीय तहहरूको वडा विभाजन तथा वडा संख्या र सिमाना हेरफेरका लागि सम्बन्धित प्रदेश सरकारबाट सिफारिस भई आएबमोजिम आवश्यक कार्यार्थ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार गरिएको ।

| सि.नं. | स्थानीय तहको नाम | जिल्ला | कैफियत |
|---|---|---|---|
| १ | धर्मदेवी नगरपालिका | संखुवासभा | वडा संख्या र सिमाना हेरफेर |

| | | | |
|---|---|---|---|
| २ | महालक्ष्मी नगरपालिका | धनकुटा | वडा संख्या र सिमाना हेरफेर |
| ३ | इलाम नगरपालिका | इलाम | वडा संख्या र सिमाना हेरफेर |
| ४ | बेलका नगरपालिका | उदयपुर | वडा संख्या र सिमाना हेरफेर |
| ५ | जन्तेढुङ्गा गाउँपालिका | खोटाङ | वडा संख्या र सिमाना हेरफेर |
| ६ | सानोभेरी गाउँपालिका | रुकुम (पश्चिम) | वडा संख्या र सिमाना हेरफेर |
| ७ | मष्टा गाउँपालिका | बझाङ | वडा विभाजन |

- सम्मानतीय राष्ट्रपतिज्यूको विभिन्न स्थानहरूको भ्रमण सम्बन्धमा सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समन्वय गरिएको ।
- साविक जिल्ला कृषि विकास कार्यालय रुकुम (पश्चिम) को स्वामित्वमा रहेको कि.नं. ७१० र ७२९ को जग्गा र सोमा बनेका भवन लगायत भौतिक संरचना हाल मुसिकोट नगरपालिकाले भोगचलन गरिरहेकोमा उक्त जग्गाको स्वामित्व मुसिकोट नगरपालिकालाई हस्तान्तरण गर्ने सम्बन्धमा कर्णाली प्रदेश सरकारको सिफारिस बमोजिम सम्बन्धित मन्त्रालयमा आवश्यक कार्यार्थ पत्राचार गरिएको ।
- सिन्धुलीमाडी-भुमेस्थान-चकमके-उदयपुर कटारी सडक सम्बन्धमा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रूपमा सिफारिस गर्ने सम्बन्धमा बागमती प्रदेश सरकारको सिफारिस बमोजिम प्रचलित कानून बमोजिम आवश्यक कार्यार्थ वन तथा वातावरण मन्त्रालयमा पत्राचार गरिएको ।
- कनकाई नगरपालिका झापा र गणराज्य दक्षिण कोरियाको याङ्गु काउन्टीबीच भगिनी सम्बन्ध कायम गर्ने सम्बन्धमा प्रदेश नं. १ सरकारको सिफारिस बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार गरिएको ।
- प्रादेशिक ट्रमा सेन्टर लमहीको नाममा स्वामित्व कायम हुने गरी जग्गा प्राप्त गर्ने सम्बन्धमा सम्बन्धित निकायमा पत्राचार गरिएको ।
- विभिन्न विषयमा संघीय तथा प्रादेशिक निकायहरूमा पत्राचार तथा समन्वय गरिएको ।

## ५.११ योजना, अनुगमन तथा विपद् समन्वय शाखा

१. मिति २०७८/०८/२८ गते यस कार्यालय र अन्तर्गतका निकायको आर्थिक वर्ष २०७८/७९ मा सञ्चालन भएको वार्षिक योजना तथा कार्यक्रमको प्रथम त्रैमासिक प्रगति समिक्षा सम्पन्न गरिएको ।

२. मध्यमकालिन खर्च संरचना तथा आगामी आ.व. को बजेट तर्जुमाका लागि यस कार्यालय र अन्तर्गतका निकायहरुबाट बजेट उपशिर्षक वा कार्यक्रमगत रुपमा विगत ५ आ.व. को बजेट विनियोजन र खर्चको विवरण, चालु आ.व.को खर्चको अनुमान र पुष्ट्याई तथा आगामी ३ आ.व. मा सम्बन्धित विषयक्षेत्रमा आवश्यक पर्ने रकमको यथार्थ विवरण संकलन गरिएको।

३. यस कार्यालय र अन्तर्गतका निकायहरुको आवधिक योजना तथा कार्यसम्पादन सूचक तयारी गर्ने प्रयोजनका लागि प्रस्ताव पेश गरिएको ।

४. यस कार्यालय वा अन्तर्गतको आ.व. २०७९/०८० का लागि कार्यक्रम तथा बजेट सम्बन्धी कार्यको समन्वय गर्न तथा खर्चको मापदण्ड निर्धारण गर्न बजेट समिति गठन गरिएको ।

५. आर्थिक सर्वेक्षण २०७८/०७९ को लागि अन्तर्गतका निकायहरुमा विवरण माग गरिएको।

६. विपद् जोखिमका लागि वित्तीय व्यवस्थापन राष्ट्रिय रणनीति, २०७८ को प्रभावकारी कार्यान्वयनका लागि प्रस्तावित कार्यान्वयन कार्ययोजना उपर राय सुझाव प्रदान गरिएको ।

७. एकीकृत अनुगमन प्रणालीमा यस कार्यालय र अन्तर्गतका निकायहरुको प्रगति विवरण मासिक रुपमा प्रविष्टी गरिएको

८. विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक समन्वय गरिएको ।

## राष्ट्रिय सुरक्षा तथा कूटनीति समन्वय महाशाखा

### ५.१२ सूचना सञ्चार तथा वैदेशिक समन्वय शाखा

#### ५.१२.१ सूचनाको हक कार्यान्वयन

आर्थिक वर्ष २०७८/७९ को दोस्रो त्रैमासिक अवधिमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना उपलब्ध गराई पाउँ भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सूचना अधिकारीलाई सम्बोधन गरी प्राप्त भएका ३ वटा निवेदनमा आवश्यक कारवाही गरी सूचना उपलब्ध गराइएको । अन्य निकायसँग सम्बन्धित निवेदनहरू आवश्यक कारवाहीका लागि तत् तत् निकायमा लेखी पठाइएको । (थप विवरण प्रतिवेदनको सि.नं १० मा समावेश गरिएको छ)

#### ५.१२.२ अन्य नियमित कार्यहरू

- प्रदेश १ का प्रदेश मन्त्रालयहरू तथा नेपाल सरकारका केही जिल्लास्थित कार्यलयहरूमा सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनको अवस्थाबारे अनुगमन गरिएको ।
- राष्ट्रिय सूचना आयोगको बैठकले गरेका निर्णय कार्यान्वयन सम्बन्धमा केन्द्रीय निकायहरूसँग आवश्यक समन्वय गरिएको ।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित आर्थिक वर्ष २०७७/७८ को तेस्रो त्रैमासिक विवरण तयार गरी सो विवरण कार्यालयको वेबसाइटमार्फत् सार्वजनिक गर्नुका साथै राष्ट्रिय सूचना आयोगमा समेत पठाउने व्यवस्था मिलाइएको ।

### ५.१३ सूचना समन्वय शाखा

- नेपाली सेना र राष्ट्रिय अनुसन्धान विभागबाट प्राप्त सूचनाहरू अध्ययन गरी आवश्यकतानुसार अभिलेखीकरण गरिएको ।
- राष्ट्रिय सुरक्षा नीति २०७५ कर्यान्वयन कार्ययोजनाको प्रगति सम्बन्धमा सम्बन्धित निकाय र पदाधिकारीहरूसँग समन्वय गरिएको ।

## शासकीय सुधार महाशाखा

### ५.१४ सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार निगरानी शाखा

- **सचिव बैठकः** नेपाल सरकारका मुख्य सचिव श्रीमान् शंकरदास बैरागीज्यूको अध्यक्षतामा मिति २०७८/०८/२९ गते सचिव बैठक सम्पन्न भई सचिव बैठकको निर्णय कार्यान्वयनको लागि सबै मन्त्रालय तथा निकायमा पठाइएको।
- **उजुरी/गुनासोहरुको संवोधनः** विभिन्न व्यक्ति/संस्थाहरूबाट प्राप्त ज्ञापनपत्र/ उजुरी/ गुनासोहरू सम्बोधनको लागि सम्बन्धित मन्त्रालय/निकायमा आवश्यक कारवाहीको लागि लेखी पठाइएको।
- **सम्पत्ति विवरण संकलन एवम् अभिलेख व्यवस्थापनः** संवैधानिक निकायका पदाधिकारी, महान्यायाधिवक्ता, राष्ट्रपति तथा उपराष्ट्रपतिबाट मनोनीत तथा नियुक्त अन्य पदाधिकारी, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा सदस्यहरू र प्रदेश प्रमुखहरू लगायत अन्य निकायबाट यस शाखामा प्राप्त भएका सम्पत्ति विवरण रेकर्ड गरी राष्ट्रिय सतर्कता केन्द्रको वेभसाईटमा अनलाईन प्रविष्ट गरिएको।

### ५.१५ सम्पत्ति शुद्धीकरण तथा राजस्व अनुसन्धान शाखा

- AML/CFT सम्बन्धी राष्ट्रिय समन्वय समितिको १०९औं र ११०औं बैठक सम्पन्न भएका।
- AML/CFT सम्बन्धी प्राविधिक सहयोग समूहका विभिन्न ४ वटा बैठक सम्पन्न भएका।
- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-८१) र सो को पूरक कार्ययोजना समेतको कार्यान्वयनको सम्बन्धमा वार्षिक प्रगतिको प्रारम्भिक प्रतिवेदन तयार भएको।
- राजस्व अनुसन्धान विभागको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) स्वीकृत गरी विभागलाई पठाइएको।
- राष्ट्रिय समन्वय समिति तथा प्राविधिक सहयोग समूहका पछिल्ला निर्णयहरुको Compilation गरी उक्त निर्णयहरुको कार्यान्वयन अवस्था विश्लेषण गरिएको।

- AML/CFT National Reporting System Software को खरिद प्रक्रिया अन्तर्गत Request For Proposal (RFP) को प्राविधिक प्रस्ताव माथि मूल्याङ्कन गर्ने कार्य सम्पन्न भई कार्यालय प्रमुख समक्ष पेश गरिएको।
- रणनीति तथा कार्ययोजना बमोजिम AML/CFT र आपराधिक आर्जनको आँकलन गर्न आधार सर्वेक्षण (Baseline Survey) का लागि ToR र Survey Design गर्न केन्द्रीय तथा प्रादेशिक स्तरमा ५ वटा गोष्ठी संचालन गर्ने सम्बन्धमा अवधारणा पत्र तयार भएको।
- पारस्परिक मूल्याङ्कनको Effectiveness तर्फको जवाफ लेखन कार्य शुरु गरिएको।
- AML/CFT सम्बद्ध विभिन्न Virtual Meeting हरुमा सहभागी भएको।

## ५.१६ हेलो सरकार कक्ष

हेलो सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र विभिन्न मन्त्रालय तथा निकायहरूसँग सम्बन्धित रहेर प्राप्त हुने विभिन्न किसिमका जनगुनासो र सुझावहरूको उचित सुनुवाई गर्न, मन्त्रालयबाट हुने नीतिगत निर्णय, कार्यसंचालन र शान्ति सुरक्षाको स्थितिको सम्बन्धमा जानकारी लिई शासकीय व्यवस्थामा सुधार गरी जनमुखी प्रशासन व्यवस्थाको प्रवर्द्धन गर्नका लागि गुनासो गर्न चाहने जो कोहीले देहायबमोजिमको माध्यमबाट शाखामा सूचना दिन सकिने व्यवस्था मिलाइएको छ ।

- टोल फ्रि टेलिफोन नम्बर ११११ मा टेलिफोन गरी शाखाका कर्मचारीलाई टिपाएर ।
- शाखाको फ्याक्स नम्बर ११०० मा फ्याक्स गरेर ।
- शाखाको 1111@nepal.gov.np मा ईमेल गरेर ।
- कार्यालयको Website www.gunaso.opmcm.gov.np को Complaints and Suggestion बाट पठाएर ।
- Twitter तथा Facebook पेजको गुनासो गेट ।
- मोबाइल Apps मा गुनासो पठाएर।
- हेलो सरकार शाखामा पत्र पठाएर ।
- गुनासोकर्ता स्वयं उपस्थित भई विवरण टिपाएर ।
- SMS मा गुनासो पठाएर ।
- Viber मार्फत् गुनासो पठाएर ।
- अन्य

**दोस्रो त्रैमासिक अवधिमा हेलो सरकार शाखाबाट सम्पादन भएका मुख्य-मुख्य कामहरू**

- हेलो सरकार कक्षमा विभिन्न माध्यम (हेलो सरकार वेब पोर्टल, फेसबुक, भाइबर, ट्वीटर, इमेल, फोन सम्पर्क तथा प्रत्यक्षरुपमा कक्षमा नै उपस्थिति भै) बाट प्राप्त २५३१ (प्राप्त भएका गुनासा र फछ्र्यौटका लागि पुनः प्राप्त भएका समेत) गुनासोहरुलाई अध्ययन गरी सम्वन्धित निकायमा पठाउन उपयुक्त देखिएका गुनासो आवश्यक कार्वाहीका लागि सम्वन्धित निकायमा पठाईएको।
- यस अवधिमा सम्वन्धित निकायबाट समाधान भई आएका मध्ये फछ्र्यौट गर्न उपयुक्त देखिएको जम्मा १,०९७ (यो अवधि भन्दा अगाडि सम्वन्धित निकायमा पठाईएका, सम्वन्धित निकायमा नपठाई कक्षबाट नै फछ्र्यौट गरिएका समेत) गुनासो फछ्र्यौट गरिएको ।
- गुनासोहरुको सम्बोधनमा तीव्रता ल्याउने उद्देश्यले वेब, फोन, एस.एम.एस., भाईबर तथा ईमेलका माध्यमबाट गुनासोहरु सम्बोधनका लागि ताकेता गरिएको।
- आर्थिक वर्ष २०७७/७८ मा हेलो सरकार शाखाबाट सम्पादित भएका कार्यहरुको वार्षिक प्रतिवेदन तयार गर्नका लागि शासकीय सुधार महाशाखा हेर्ने सचिवज्यूको संरक्षकत्वमा र महाशाखा प्रमुखज्यूको संयोजकत्वमा प्रतिवेदन तयारी समिति गठन भै प्रतिवेदन को अन्तिम मस्यौदा तयार गरिएको।
- मिति २०७६/०४/०१ देखि संचालनमा आएको नयाँ विद्युतीय पोर्टलमा २०७६/०४/०१ देखि हाल सम्म प्राप्त गुनासो मध्ये ६४.०६% गुनासो फछ्र्यौट भएको।
- गुनासो व्यवस्थापनसँग सम्बन्धित अन्य नियमित तथा आकस्मिक कार्यहरु साथै शाखाका प्रशासनिक कार्यहरु निरन्तररुपमा सम्पादन गरिएको।
- तत्काले सम्बोधन गर्नुपर्ने गुनासोहरु सोही समयमा नै सम्बन्धित निकायमा खबर गरी आवश्यक कार्वाहीको लागि पहल गरिएको।
- गुनासो व्यवस्थापनसँग सम्बन्धित अन्य नियमित तथा आकस्मिक कार्यहरु साथै शाखाका प्रशासनिक कार्यहरु निरन्तररुपमा सम्पादन गरिएको।

## नतिजा व्यवस्थापन महाशाखा

### ५.१७ तत्काल समस्या समाधान केन्द्र

- यस कार्यालयमा स्थापित राष्ट्रिय गौरव, रुपान्तरणकारी तथा अन्य महत्वपूर्ण आयोजनाहरु एवं सेवा प्रवाहलाई प्रभावकारी बनाउन "तत्काल समस्या समाधान केन्द्र" सञ्चालन सम्वन्धी निर्देशिका, २०७८ को मस्यौदा तयार गरी नेपाल सरकार (राज्यमन्त्रिस्तर)को निर्णयानुसार राय सुझावको लागि राष्ट्रिय योजना आयोगमा लेखी पठाइएको ।
- यस कार्यालयबाट आ.व. २०७८/७९ मा अनुगमनका लागि छनौट भएका राष्ट्रिय गौरव, रुपान्तरणकारी तथा राष्ट्रिय महत्वका आयोजनाहरुको सञ्चालन, अनुगमन प्रणालीमा आवद्धता

तथा अन्य विषयमा भएका प्रगति तथा पर्न गएका समस्याहरुको सम्बन्धमा सम्बन्धित आयोजना प्रमुख लगायत सरोकारवाला निकाय समेतको उपस्थितिमा श्रीमान् सचिवज्यूको अध्यक्षतामा आयोजनागत छलफल गरी निर्देशन दिइएको।

- यस आ.व. मा अनुगमनका लागि छनौट भएका आयोजनाहरुको मासिक प्रगति एकीकृत अनुगमन प्रणाली (monitoring.opmcm.gov.np) मा प्रविष्टी गराउने कार्यलाई निरन्तरता दिइनुका साथै सरोकारवालाहरुको Feedback को आधारमा System सुधार कार्य सम्वन्धी Software Developers सँग छलफल गरिएको ।
- केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिको ५७ औं बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थावारे जानकारी लिइनुका साथै समितिको ५८ औं बैठक आयोजना गरिएको।
- सरकारको न्यूनतम साझा कार्यक्रमको प्रतिवद्धता विकास, सुशासन र समृद्धिको प्रभावकारी कार्यान्वयनको लागि सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय मन्त्रीज्यू एवं सचिवज्यूहरुको संयुक्त बैठकलाई सम्वोधन एवं निर्देशन प्रदान गर्ने कार्यक्रम सम्पन्न गरिएको ।

## ५.१८ नतिजा विश्लेषण तथा व्यवस्थापन शाखा

- एकीकृत अनुगमन प्रणालीमा प्राप्त विवरणका आधारमा विषयगत मन्त्रालयहरूको चालु आ.व. २०७८/७९ को मंसिर महिनासम्मको मासिक प्रगति प्रतिवेदन तयार गरिएको ।
- चालु आ.व. २०७८/७९ को सबै विषयगत मन्त्रालयहरूको बजेट कार्यक्रम कार्यान्वयनमा देखिएका मुख्य समस्याहरू एवम् विकास निर्माण तथा सेवा प्रवाह लगायतका विषयमा मुख्य सचिवज्यूको अध्यक्षतामा समिक्षा बैठक सम्पन्न गरिएको ।
- संयुक्त सरकारको न्यूनतम साझा प्रतिबद्धताको कार्यान्वयन,विकासका प्राथमिकता र सुशासन प्रबर्द्धन सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूको निर्देशन/संबोधन कार्यक्रमको आयोजना।

## ५.१९ तथ्याङ्क शाखा

- "Assessment of maternal mortality situation in Nepal: evidence from review of literature and analysis of routing health service and surveillance statistics" सम्बन्धी कार्यपत्र तयार गरेको ।
- "Impact of household-level health insurance on maternal health care in Nepal: Evidence from multiple indicator cluster survey" कार्यपत्र लेखन कार्य भैरहेको ।

## ५.२० सूचना प्रविधि शाखा

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेवसाईट, क्याबिनेट स्वचालन प्रणाली, स्वचालित कार्यालय प्रणाली, ई-हाजिरी प्रणाली, एकीकृत अनुगमन प्रणाली, SMS Portal, हेलो सरकार लगायतका सम्पूर्ण Portal हरुको नियमित सञ्चालन र अद्यावधिक गरिएको ।

- पुरानो कार्यालयको भवनबाट नयाँ Retrofitted भवनमा Action Room स्थानान्तरण कार्य सम्पन्न गरी सञ्चालन प्रयोजनार्थ CISCO Jabber एकाउन्टको License नवीकरण गरिएको ।
- नतिजा व्यवस्थापन महाशाखाको बैठक हलमा जडान गरिएको Video conferencing System लाई विभिन्न शाखाहरुको आवश्यकता अनुसार सञ्चालन गरिएको ।
- यस कार्यालय अन्तर्गतको एकीकृत अनुगमन प्रणालीको Source Code बागमती प्रदेशलाई हस्तान्तरण गर्ने सम्बन्धमा बागमती प्रदेशका विभिन्न निकायका पदाधिकारीहरुलाई System Orientation गरिएको र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उपलब्ध गराएको Server मा Source Code Deployment को कार्य सम्पन्न गरिएको ।
- AML/CFT National Repoting System Software निर्माण प्रयोजनार्थ 01/EOI/OPMCM/078/79 शीर्षकको आशय पत्रहरूको परीक्षण तथा मूल्याङ्कन गरी छनोट भएका ६ ओटा आशय पत्रदाताहरुमध्ये चार आशय पत्रदाताले पेश गरेको RFP Documents को मूल्यांकन कार्य अगाडी बढाइएको।
- National Data Bank पोर्टलको खरिद सम्झौता सम्पन्न गरी निर्माण कार्य अगाडी बढाइएको।
- काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना अन्तर्गत रहेको सडक निर्माण कार्यदल वेसक्याम्प मख्खुवेशी र सिस्नेरी इलाकामा जडित Surveillance System का उपकरणहरुको निरीक्षण तथा चेकजाँच गरिएको ।
- कार्यालयका लागि आवश्यक सूचना प्रविधि सम्बन्धी उपकरणहरूको आवश्यकता पहिचान, प्राविधिक स्पेशिफिकेसन तयारी तथा गुणस्तरको मूल्याङ्कन गरिएको ।
- Server Virtualization Software खरिद कार्यको मूल्याङ्कन सम्पन्न गरी खरिद सम्झौता गरिएको।
- यस कार्यालयमा सरुवा भई आएका र यस कार्यालयमा कार्यरत कर्मचारीहरुको समेत गरी ७५ वटा RFID (परिचय पत्र) छपाई गरिएको ।
- कार्यालयमा प्रयोगमा रहेका विभिन्न प्रणालीमा समय समयमा आइरहने समस्या पहिचान गरि समाधान गरिएको
- कार्यालयका अन्य शाखामा आएका सूचना प्रविधि सम्बन्धी समस्याहरू समाधान गरिएको ।

## लगानी, उत्पादन तथा रोजगार प्रवर्द्धन महाशाखा

### ५.२१ कृषि, वन तथा वातावरण शाखा

- सम्मानननीय प्रधानमन्त्रीज्यू, श्रीमान मुख्य सचिवज्यू र यस कार्यालयलाई सम्वोधन गरी प्राप्त क्षेत्रगत निवेदन, गुनासा र ज्ञापनपत्रहरु आवश्यक कारवाहीको लागि सम्बन्धित निकायमा प्रेषित गरिएको,
- श्रीमान् मुख्य सचिवज्यूको अध्यक्षतामा मन्त्रालयको कार्यक्रम सञ्चालन, सेवा प्रवाह एवम् कार्यान्वयनमा देखिएका मुख्य समस्याहरु लगायतका विषयहरुमा भएका निर्णयहरुको

सम्बन्धित मन्त्रालयमा फलोअप गरी कार्यान्वयनलाई प्रभावकारी बनाउन आवश्यक सहजीकरण गरिएको,

- संविधानको धारा ५३ बमोजिम बार्षिकरुपमा तयार पार्नुपर्ने प्रतिवेदनमा यस महाशाखाबाट सम्पन्न कार्य प्रगति विवरण तयार गरी पठाइएको।

## ५.२२ अर्थ, उद्योग, वाणिज्य तथा पर्यटन शाखा

- गरिबी निवारण कोष खारेजी र कोषद्वारा प्रवर्द्धित सामुदायिक संस्थालाई सहकारीमा रूपान्तरण गर्ने सम्बन्धमा निर्णय एवं छलफल गरी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई सहमती दिइएको । गरिबी निवारण कोषलाई भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत काम गर्ने गरी नेपाल सरकार कार्यविभाजन नियमावली २०७४ मा संशोधन गरिएको ।
- नीति अनुसन्धान प्रतिष्ठान, राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र सार्वजनिक खरिद अनुगमन कार्यालयको कार्यालय भवन व्यवस्थापन सम्बन्धी कार्यहरुमा सहजीकरण गरिएको।
- पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्य छिटो सम्पन्न गर्ने सम्वन्धमा, धौवादी फलाम कम्पनी लिमिटेड संचालन , चिनी आपूर्ति तथा भण्डारण एवम विक्री वितरण सम्वन्धमा देखिएका समस्याहरु समाधानका लागि समन्वय बैठक राखिएको ।
- चोभार सुख्खा बन्दरगाह सञ्चालन सम्बन्धी समन्वय बैठक गरिएको ।
- स्टार्टअप व्यवसायलाई कर्जा उपलब्ध गराउने सम्वन्धी कार्यविधि र विश्व बैक र स्वीस सरकारको संयुक्त सहयोगमा संचालन गरिने Private Sector Recovery Program को प्रदेश स्तरमा कार्यान्वयनको सहजीकरण गरिएको
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको पञ्चबर्षीय रणनीतिक योजना र पर्यटन काज कार्यविधि २०७८ उपर राय परामर्श उपलब्ध गराइएको ।

# पूर्वाधार विकास महाशाखा

## ५.२३ भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा शाखा र खानेपानी, सहरी विकास तथा सञ्चार शाखा

- मिति २०७८/०७/०५ देखि २०७८/०७/११ सम्म खोटाङ, ओखलढुङ्गा र सोलुखुम्बु जिल्लामा रहेका सुनकोसी – हिलेपानी – जयरामघाट – हलेशी – दिक्तेल र हिलेपानी – ओखलढुङ्गा – पताले – सल्लेरी सडक खण्ड तथा सोलु कोरिडोर प्रसारण लाइनको स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गरिएको।

- मिति २०७८/०९/०१ देखि २०७८/०९/०७ सम्म पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गरिएको।
- मिति २०७८/०७/१४ गते साझा यातायातको बस बसौनी तथा बस चार्जिङ्ग स्टेशनका लागि जग्गा सम्बन्धमा छलफल भएको।
- मिति २०७८/०७/१५ गते बन्चरेडाँडा ल्याण्डफिल साइट आयोजनामा स्थानीयबासीहरूले राखेका मागहरूको विषयमा छलफल भएको।
- मिति २०७८/०७/२२ गते नागढुङ्गा सुरुङ मार्ग आयोजनाको जग्गा प्राप्तिको समस्या सम्बन्धमा छलफल भएको।
- मिति २०७८/०७/३० गते एकीकृत फोहोरमैला व्यवस्थापन परियोजनाको लागि विकास सम्झौताका विविध विषयमा छलफल भएको।
- मिति २०७८/०८/०९ गते चक्रपथ दोस्रो चरणको Site Clearance सम्बन्धमा छलफल भएको।
- मिति २०७८/०८/१४ गते तामाकोशी — काठमाडौं ४००/२०० के.भि. प्रसारण लाइन आयोजना सवस्टेशन निर्माणका लागि जग्गा अधिग्रहण तथा क्षतिपूर्ति विषयमा छलफल भएको।
- मिति २०७८/०८/१६ गते नेपाल विद्युत प्राधिकरणले प्रयोगमा ल्याउने स्मार्ट मिटरको लागि आवश्यक फ्रिक्वेन्सी सम्बन्धमा छलफल भएको।
- मिति २०७८/०९/०१ गते राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट हस्तान्तरण भएका कार्यहरू अघि बढाउने सम्बन्धमा छलफल भएको।

## कानून तथा फैसला कार्यान्वयन महाशाखा

### ५.२४ कानून शाखा र फैसला कार्यान्वयन शाखा

**क) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायसँग सम्बन्धित कानूनमा आवश्यक संशोधन**

**विधेयक समितिमा छलफल भएबमोजिम देहायका मस्यौदा परिमार्जन गरी मन्त्रिपरिषद् बैठक शाखामा पेश गरिएको:-**

- "राहदानी (पहिलो संशोधन) नियमावली, २०७८"
- "सार्वजनिक खरिद (एघारौं संशोधन) नियमावली, २०७८"
- "शिक्षक सेवा आयोग (एघारौं संशोधन) नियमावली, २०७८"
- "प्रहरी (नवौं संशोधन) नियमावली, २०७८"
- "बर्ड फ्लु रोग नियन्त्रण नियमावली, २०७८"

## ख) फैसला कार्यान्वयन

- यस कार्यालय समेत विपक्षी भएको मुद्दामा सम्मानित अदालतबाट भएको आदेश कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा पठाइएको।
- आदेश कार्यान्वयनको प्रगति प्रतिवेदनको प्रारम्भिक मस्यौदामा छलफल भइरहेको।

## ग) लिखित जवाफ/पुनरावेदन/प्रतिउत्तर पत्र

- सम्माननीय प्रधानमन्त्री, नेपाल सरकार,मन्त्रिपरिषद्, संवैधानिक परिषद्, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतहरुबाट म्याद प्राप्त हुन आएका १०७ थान मुद्दाहरुको लिखित जवाफ, पुनरावेदन पत्र तथा प्रतिउत्तर पत्र तयार गरी सम्बन्धित अदालतमा पठाइएको।

## घ) राय

- Modular ICU निर्माणका लागि ने.स.सँग आवश्यक बजेट माग गर्ने सम्बन्धमा राय दिइएको ।
- नियुक्ति तथा पदस्थापना सिफारिस सम्बन्धमा राय दिइएको ।

## मानवअधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा

### ५.२५ मानवअधिकार शाखा र अन्तर्राष्ट्रिय सन्धि सम्झौता शाखा

| क्रियाकलाप | प्रगतिको व्यहोरा |
|---|---|
| भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धी (UNCAC) अन्तर्गत दोस्रो चक्रको सो मूल्यांकन प्रतिवेदन (Self Assessment Report) उपर समकंक्षी पुनरावलोकन (Peer Review) | नेपालको UNCAC Second Self Assessment Report को समकंक्षी पुनरावलोकन (Peer Review) को सिलसिलामा प्रत्यक्ष संवाद सम्बन्धी कार्य २५-२८ जनवरी २०२२ (तदनुसार माघ ११-१३) मा सम्पन्न गर्न निम्न बमोजिमका कार्यहरु गरिएको:-<br><br>१. Second Self Assessment Checklist प्रतिवेदन उपर हुने पुनरावलोकनको तयारी सम्बन्धमा मिति २०७८।०८।१२ गते सरकारी विज्ञहरु र अन्य सम्बन्धित मन्त्रालय/निकायका सचिवज्यूहरु/प्रमुखको उपस्थितिमा यस कार्यालयमा छलफल कार्यक्रम आयोजना भएको।<br><br>२. समकक्षी पुनरावलोकनको तयारीका लागि सम्बन्धित मन्त्रालय निकायको lead agency र supporting agency हरु तोक्ने सम्बन्धी निर्णय भएको।<br><br>३. विभिन्न मितिमा यस कार्यालयमा Second Self -Assessment Checklist प्रतिवेदन उपर हुने समकक्षी पुनरावलोकनको तयारी सम्बन्धमा lead agency र |

| | |
|---|---|
| | supporting agency हरुसँग बैठक बसी छलफल तथा समकक्षी पुनरावलोकनका लागि आवश्यक तयारी गरिएको। |
| आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार ICESCR सम्बन्धी राष्ट्रिय प्रतिवेदन पठाउने र प्रकाशन गर्ने | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार (Economic, Social and Cultrual Rights (IESCR) सम्बन्धी राष्ट्रिय प्रतिवेदनको प्रारम्भिक मस्यौदा तयार भएको। |
| मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय विशेष समाधिकक्षहरुले माग गरेको जानकारी तथा प्रश्नावली एवं संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिमा परेका उजुरीतथा सो को ताकेताको जवाफका साथै अन्य माग भएको जानकारी उपर नेपाल सरकारले पेश गर्नुपर्ने जवाफको तयारी (१५ वटा) | १. परराष्ट्र मन्त्रालयको विभिन्न मितिको पत्रसाथ संयुक्त राष्ट्र संघका लागि नेपालको स्थायी नियोगहरुबाट प्राप्त पत्रको जवाफ तयारीका लागि आवश्यक पर्ने जानकारीका लागि विभिन्न निकायमा निम्न विषयको सम्बन्धमा पत्राचार गरिएको।<br>• Special Rapporteur on the human rights to safe drinking water and sanitation<br>• Social development challenges faced by persons with albinism<br>• Special Rapporteur on minorities issuses, Conflict prevention through the protection of human rights of minorities<br>• Special Rapporteur on the elimination of discrimination against persons affected by leprosy and their Family members<br>• Special Rapporteur on violence against women, its cause and consequences<br>• नेपालमा महिलाहरुको मानव अधिकार हननसँग सम्बन्धित मुख्यत: definition of rape, marital rape, short limitation period for filling complaints तथा no prohibition on evidence relating to past sexual history of the victims जस्ता विषयहरु सम्बोधन गरी UN WOMEN मा पेश गरेको निवेदन<br>• Working Group on Enforced or Involuntary Disappearances, Case No. 10003620<br>• Optional Protocal to the International Covenent on Civil and Political Rights अन्तर्गत देविमाया नेपाल (नाम परिवर्तन गरिएको) CCPR Case No.2615/2015 को सम्बन्धमा<br>• Special Rapporteur on trafficking in persons, especially women and children<br>• Special Rapporteur on the right to development, COVID recovery plans and policies from the right to development perspective<br>• Special Rapporteur on the promotion of truth, Justice, reparation and gurantees of non-recurrence<br>• Special Rapporteur on the right of everyone to the enjoyment of the highest attainable standard of physical and mental health<br>• Special Rapporteur on contemporary forms of slavery, inclulding its causes and consequences<br>• Human rights in the context of HIV and AIDS, Innovative targets on social enablers” हासिल गर्ने पथमा नेपाल सरकारबाट चालिएका कदम तथा सिफारिस योग्य प्रयासहरुको जानकारी सहितको inputs<br>**जवाफ तयारी अवस्थामा रहेको :** |

| | |
|---|---|
| | १. Social development challenges faced by persons with albinism<br>२. नेपालमा महिलाहरुको मानव अधिकार हननसँग सम्बन्धित मुख्यत: definition of rape, marital rape, short limitation period for filling complaints तथा no prohibition on evidence relating to past sexual history of the victims<br>३. Special Rapporteur on the human rights to safe drinking water and sanitation<br>४. Special Rapporteur on violence against women, its cause and consequences |
| अन्तर्राष्ट्रिय मानव अधिकार दिवस सम्बन्धी कार्यक्रम संचालन | अन्तर्राष्ट्रिय मानव अधिकार दिवस (१० डिसेम्बर) मा सम्माननीय प्रधानमन्त्रीज्यूको मन्तव्य नेपाल टेलिभिजनामा प्रशारण तथा गोरखापत्रमा प्रकाशन भएको। |
| राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयनको प्रतिवेदन | १. राष्ट्रिय मानव अधिकार आयोगबाट हालसम्म नेपाल सरकारको नाममा प्राप्त सिफारिस कार्यान्वयनको अध्ययन, विश्लेषण र सोको प्रतिवेदन तयार गर्न यस मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा प्रमुखको संयोजकत्वमा विभिन्न मन्त्रालय/निकायका पदाधिकारीहरु सदस्य रहने गरी मिति २०७८/९/११ मा सचिवस्तरीय निर्णयभई समिति गठन भएको।<br>२. राष्ट्रिय मानव अधिकार आयोगबाट प्राप्त हुन आएका १५ वटा सिफारिसहरु कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालय तथा निकायमा पठाइएको । |
| UPR प्रतिवेदनबाट प्राप्त सिफारिस कार्यान्वयन सम्बन्धी कार्ययोजना बनाउने र कार्यान्वयन गर्ने | १. विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजना तयारीका सम्बन्धमा मिति २०७८/८/१८ र १९ गते श्रीमान मुख्य सचिवज्यूको अध्यक्षता दुई दिवसिय परामर्श छलफल कार्यक्रमको आयोजना गरिएको ।<br>२. UPR पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिस कार्यान्वयन सम्बन्धी कार्ययोजना (२०७८-८२) तयार गर्न यस मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा प्रमुखको संयोजकत्वमा विभिन्न मन्त्रालयका पदाधिकारीहरु सदस्य रहने गरी मिति २०७८/८/२३ मा सचिवस्तरीय निर्णयभई समिति गठन भएको।<br>३. विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजनाको मस्यौदा तयार भएको। |

## ६. प्रवक्ता र सूचना अधिकारीको विवरण

यस कार्यालयमा निर्णयहरूको प्रभावकारी रूपमा सूचना व्यवस्थापन गर्नका लागि प्रवक्ताको व्यवस्था गरिएको छ । कार्यालयले राजपत्रांकित प्रथम श्रेणीका अधिकृतलाई कार्यालयको प्रवक्ताको रूपमा जिम्मेवारी दिने व्यवस्था गरेको छ भने अन्य सूचना समन्वय एवम् व्यवस्थापनको लागि सूचना सञ्चार तथा वैदेशिक समन्वय शाखा रहेको छ । यस शाखाका प्रमुख राजपत्रांकित द्वितीय श्रेणीका अधिकृतलाई कार्यालयको सूचना अधिकारीको रूपमा जिम्मेवारी दिने व्यवस्था गरिएको छ । तोकिएको ढाँचामा निवेदन दिई यस शाखामार्फत् आफूलाई आवश्यक परेको सूचना कानूनबमोजिम प्राप्त गर्न सकिने व्यवस्था रहेको छ ।

### प्रवक्ताको विवरण

| | | |
|---|---|---|
| नाम | : | महादेव पन्थ |
| पद | : | सहसचिव |
| महाशाखा | : | प्रादेशिक समन्वय तथा योजना महाशाखा |
| फोन नं. | : | ९७७-१-५९७१०७५ |
| ईमेलः | : | spokesperson@opmcm.gov.np |



### सहायक प्रवक्ताको विवरण

| | | |
|---|---|---|
| नाम | : | सन्तोष प्रसाद दाहाल |
| पद | : | उपसचिव |
| शाखा | : | तत्काल समस्या समाधान केन्द्र |
| फोन नं. | : | ९७७-१-५९७१०२३ |
| इमेल | : | vice-spokesperson@opmcm.gov.np |



### सूचना अधिकारीको विवरण

| | | |
|---|---|---|
| नाम | : | कविता फुयाल |
| पद | : | उपसचिव |
| शाखा | : | सूचना सञ्चार तथा वैदेशिक समन्वय शाखा |
| फोन नं. | : | ९७७-१- ५९७१०१४ |
| इमेल | : | kabita.phuyal@nepal.gov.np |



## ७. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

**ऐनहरू**

- संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- लगानी बोर्ड ऐन, २०६८

**नियमावली तथा कार्ययोजनाहरू**

- प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५
- संवैधानिक परिषद् ( कार्यविधि ) नियमावली , २०६८
- नेपाल सरकार सुशासन कार्ययोजना, २०६८
- नयाँ नेपाल निर्माण कोष (सञ्चालन) नियमावली, २०६८
- नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४

**निर्देशिकाहरू**

- "हेलो सरकार" कक्ष सञ्चालन निर्देशिका, २०६८
- सरकारी निकायको वेबसाईट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका , २०६८
- सार्वजनिक निकायको बैठक तथा कार्यक्रम सञ्चालन निर्देशिका, २०६९
- नेपाल सरकारका अति विशिष्ट तथा विशिष्ट श्रेणीका पदाधिकारीले गर्ने विदेश भ्रमण, दिवा तथा रात्रीभोज एवम् उपहारसम्बन्धी निर्देशिका, २०७२
- सवारी साधन (सञ्चालन तथा मर्मत) सम्बन्धी निर्देशिका, २०७२
- जातीय भेदभाव र छुवाछुत अन्त्य तथा दलित अधिकार प्रवर्द्धनसम्बन्धी कार्यविधि, २०७३
- वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५
- सरकारी निकायद्वारा सामाजिक सञ्जाल प्रयोग गर्ने कार्यविधि, २०७५
- प्रदेश तथा स्थानीय तहले विदेशी सरकार, नियोग, प्रतिनिधि र अन्तर्राष्ट्रिय संघसंस्थासँग सम्पर्क गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधिसम्बन्धी निर्देशिका, २०७६
- कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन निर्देशिका, २०७६
- नागरिक एप (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७८
- ई.पी.सी. माध्यमबाट खरिद गर्ने सम्बन्धी निर्देशिका, २०७८
- नागरिक मोबाईल एप्स सञ्चालन निर्देशिका, २०७६

# ८. आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण

तालिका नं. १

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

**कार्यालय कोड नं.: ३०१००३५०१**

**खर्चको फाटवारी**

**माघ महिनाको**

**म. ले. प. फा. न. २१०**

**आर्थिक वर्ष:-** २०७८/७९
**बजेट उपशीर्षक :** मन्त्रिपरिषद्[३०१०००११३]

| खर्च/ वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की वाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २१११२ | पारिश्रमिक पदाधिकारी | ३१,९००,०००.०० | ०.०० | ५,७९२,१९६.८० | ०.०० | ५,७९२,१९६.८० | ०.०० | ५,७९२,१९६.८० | २६,१०७,८०३.२० |
| २११२१ | पोशाक | १,५००,०००.०० | ०.०० | ५११,२१०.०० | ०.०० | ५११,२१०.०० | ०.०० | ५११,२१०.०० | ९८८,७९०.०० |
| २११३२ | महंगी भत्ता | १,८००,०००.०० | ०.०० | २१५,०४४.०० | ०.०० | २१५,०४४.०० | ०.०० | २१५,०४४.०० | १,५८४,९५६.०० |
| २२११२ | संचार महसुल | २,०००,०००.०० | ०.०० | १३४,२१३.०० | ०.०० | १३४,२१३.०० | ०.०० | १३४,२१३.०० | १,८६५,७८७.०० |
| २२२११ | इन्धन (पदाधिकारी) | ५,०००,०००.०० | ०.०० | ३,६०९,९८१.०० | ०.०० | ३,६०९,९८१.०० | ०.०० | ३,६०९,९८१.०० | १,३९०,०१९.०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ४,०००,०००.०० | ०.०० | २,९५१,७८४.०० | ०.०० | २,९५१,७८४.०० | ०.०० | २,९५१,७८४.०० | १,०४८,२१६.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ४,५००,०००.०० | ०.०० | १,४७२,०६६.०० | ३०२,१६२.०० | १,७७४,२२८.०० | ०.०० | १,७७४,२२८.०० | २,७२५,७७२.०० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ३,०००,०००.०० | ०.०० | १,२९०,५६५.०० | ०.०० | १,२९०,५६५.०० | ०.०० | १,२९०,५६५.०० | १,७०९,४३५.०० |
| २२७११ | विविध खर्च | २०,३००,०००.०० | ०.०० | ६,४७३,८५२.०० | ०.०० | ६,४७३,८५२.०० | १२३,०००.०० | ६,३५०,८५२.०० | १३,८२६,१४८.०० |
| | कुल जम्मा | ७४,०००,०००.०० | ०.०० | २२,४५०,९११.८० | ३०२,१६२.०० | २२,७५३,०७३.८० | १२३,०००.०० | २२,६३०,०७३.८० | ५१,२४६,९२६.२० |

अन्तिम बजेटको तुलना ( %प्रतिशतमा )

तालिका नं. २

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

कार्यालय कोड नं.: ३०१००३५०१

### खर्चको फाटवारी

माघ महिनाको

म. ले. प. फा. न. २१०

आर्थिक वर्ष:- २०७८/७९
बजेट उपशीर्षक : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय[३०१०००१२४]

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| ३११२१ | सवारी साधन | ८००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ८००,०००.०० |
| ३११२२ | मेशिनरी तथा औजार | १४,०२३,०००.०० | ०.०० | ५,२६९,२६६.०० | ०.०० | ५,२६९,२६६.०० | ०.०० | ५,२६९,२६६.०० | ८,७५३,७३४.०० |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | ३,५९०,०००.०० | ०.०० | १,४९०,७८१.०० | ०.०० | १,४९०,७८१.०० | ०.०० | १,४९०,७८१.०० | २,०९९,२१९.०० |
| ३११३४ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ५,०००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५,०००,०००.०० |
| ३११७१ | पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | १०,०००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १०,०००,०००.०० |
| | कुल जम्मा | ३३,४१३,०००.०० | ०.०० | ६,७६०,०४७.०० | ०.०० | ६,७६०,०४७.०० | ०.०० | ६,७६०,०४७.०० | २६,६५२,९५३.०० |

अन्तिम बजेटको तुलना ( %प्रतिशतमा )

तालिका नं. ३

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

कार्यालय कोड नं.: ३०१००३५०१

### खर्चको फाटवारी

माघ महिनाको

म. ले. प. फा. न. २१०

**आर्थिक वर्ष:-** २०७८/७९
**बजेट उपशीर्षक :** प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय[३०१०००१२३]

| खर्च/ वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | १३१,६००,०००.०० | ०.०० | ५९,७६२,०२४.५० | ८६,८३६.२० | ५९,८४८,८६०.७० | ०.०० | ५९,८४८,८६०.७० | ७१,७५१,१३९.३० |
| २११२१ | पोशाक | २,३००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २,३००,०००.०० |
| २११३२ | महंगी भत्ता | ५,६००,०००.०० | ०.०० | २,१०१,०४५.०० | २,०००.०० | २,१०३,०४५.०० | ०.०० | २,१०३,०४५.०० | ३,४९६,९५५.०० |
| २११३४ | कर्मचारीको बैठक भत्ता | ८००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ८००,०००.०० |
| २११३९ | अन्य भत्ता | १,९००,०००.०० | ०.०० | १,४७७,०२५.०० | -४,६५०.०० | १,४७२,३७५.०० | ०.०० | १,४७२,३७५.०० | ४२७,६२५.०० |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | २००,०००.०० | ०.०० | ९,८५२.६० | ०.०० | ९,८५२.६० | ०.०० | ९,८५२.६० | १९०,१४७.४० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | २,२००,०००.०० | ०.०० | ४,८००.०० | ०.०० | ४,८००.०० | ०.०० | ४,८००.०० | २,१९५,२००.०० |
| २२१११ | पानी तथा बिजुली | ७,९००,०००.०० | ०.०० | ५,४३३,५८०.०० | ०.०० | ५,४३३,५८०.०० | ०.०० | ५,४३३,५८०.०० | २,४६६,४२०.०० |
| २२११२ | संचार महसुल | ३,३००,०००.०० | ०.०० | १,८७१,७१४.०० | ०.०० | १,८७१,७१४.०० | १०,०००.०० | १,८६१,७१४.०० | १,४२८,२८६.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | १२,३००,०००.०० | ०.०० | ५,०५३,६५१.०० | ०.०० | ५,०५३,६५१.०० | १,०००,०००.०० | ४,०५३,६५१.०० | ७,२४६,३४९.०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ५,२००,०००.०० | ०.०० | ४,३८२,७५९.०० | ०.०० | ४,३८२,७५९.०० | ०.०० | ४,३८२,७५९.०० | ८१७,२४१.०० |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | २,४००,०००.०० | ०.०० | ९९,९५६.०० | ०.०० | ९९,९५६.०० | ०.०० | ९९,९५६.०० | २,३००,०४४.०० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १,२००,०००.०० | ०.०० | ७९,८९०.०० | ०.०० | ७९,८९०.०० | ०.०० | ७९,८९०.०० | १,१२०,११०.०० |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ५००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५००,०००.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ११,७००,०००.०० | ०.०० | ११,१८८,४५६.०० | -२६१,८६६.०० | १०,९२६,५९०.०० | ४५,०००.०० | १०,८८१,५९०.०० | ७७३,४१०.०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | ७००,०००.०० | ०.०० | २१५,०४५.०० | ०.०० | २१५,०४५.०० | ०.०० | २१५,०४५.०० | ४८४,९५५.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १,८००,०००.०० | ०.०० | १,४८९,९१३.०० | -१४६,६१८.०० | १,३४३,२९५.०० | ०.०० | १,३४३,२९५.०० | ४५६,७०५.०० |
| २२३१९ | अन्य कार्यालय संचालन खर्च | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| २२४११ | सेवा र परामर्श खर्च | ११,०००,०००.०० | ०.०० | १,०५७,००१.०० | २७२,३४५.०० | १,३२९,३४६.०० | ०.०० | १,३२९,३४६.०० | ९,६७०,६५४.०० |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ४,७००,०००.०० | ०.०० | ४९३,८१०.०० | ०.०० | ४९३,८१०.०० | ०.०० | ४९३,८१०.०० | ४,२०६,१९०.०० |
| २२४१३ | करार सेवा शुल्क | १३,३००,०००.०० | ०.०० | १०,४४९,८२७.०० | ०.०० | १०,४४९,८२७.०० | ०.०० | १०,४४९,८२७.०० | २,८५०,१७३.०० |
| २२५११ | कर्मचारी तालिम खर्च | ४००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ४००,०००.०० |
| २२५२२ | कार्यक्रम खर्च | २१,२००,०००.०० | ०.०० | ७०,२९०.०० | ०.०० | ७०,२९०.०० | ०.०० | ७०,२९०.०० | २१,१२९,७१०.०० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ६,१००,०००.०० | ०.०० | ३,०६४,४७९.०० | ०.०० | ३,०६४,४७९.०० | ३०५,०००.०० | २,७५९,४७९.०० | ३,०३५,५२१.०० |
| २२६१२ | भ्रमण खर्च | ९००,०००.०० | ०.०० | १४९,६६०.०० | ०.०० | १४९,६६०.०० | ०.०० | १४९,६६०.०० | ७५०,३४०.०० |
| २२७११ | विविध खर्च | ८,१००,०००.०० | ०.०० | ४,३३७,६७५.०० | ०.०० | ४,३३७,६७५.०० | ७६,५००.०० | ४,२६१,१७५.०० | ३,७६२,३२५.०० |
| २६४११ | सरकारी निकाय, समिति एवं बोर्डहरूलाई निःशर्त चालु अनुदान | ६०,०००,०००.०० | ०.०० | ६०,०००,०००.०० | ०.०० | ६०,०००,०००.०० | ०.०० | ६०,०००,०००.०० | ०.०० |
| कुल जम्मा | | ३१७,४००,०००.०० | ०.०० | १७२,७९२,४५३.१० | -५१,९५२.८० | १७२,७४०,५००.३० | १,४३६,५००.०० | १७१,३०४,०००.३० | १४४,६५९,४९९.७० |

अन्तिम बजेटको तुलना ( %प्रतिशतमा )

तयार गर्नेको दस्तखतः

नामः

दर्जाः

मितिः

प्रमाणित गर्नेको दस्तखतः

नामः

दर्जाः

मितिः

## ९. कार्यालयको वेबसाइट

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइट ठेगाना निम्नानुसार रहेको छः https://www.opmcm.gov.np । बेवसाईटमा सम्माननीय प्रधानमन्त्रीज्यू, मन्त्रिपरिषद्, नेपाल सरकारका मुख्यसचिवज्यू लगायत यस कार्यालयसँग सम्बन्धित सम्पूर्ण सूचना तथा जानकारी एवम् नीति, नियम र ऐन, कानूनहरू उपलब्ध रहेका छन् ।

## १०. कार्यालयमा परेको सूचना मागसम्बन्धी निवेदन र सूचना दिइएको विषय (सि.नं ५.११.१ सँग सम्बन्धित)

| सि.नं | माग गरेको सूचनाको संक्षिप्त व्यहोरा | प्रदान गरिएको सूचनाको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | श्री उत्तम बहादुर श्रेष्ठ समेतले संस्था/संगठन/कम्पनि/फर्म/उद्योग आदि (कानूनी व्यक्ति) को दर्ता, अनुगमन मूल्याङ्कन, कारोबार, सम्पति, नवीकरण, छानविन र सजाय लगायतको विषयको सूचना गृह मन्त्रालय र उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयमा माग गरिएकोमा सूचना उपलब्ध हुन नसकेकोले यस कार्यालयबाट सूचना उपलब्ध गराइदिन मिति २०७८/०८/२२ गते निवेदन दर्ता गर्नुभएको। | निवेदकले माग गरेको सूचना उपलब्ध गराउन गृह मन्त्रालय र उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयमा पत्राचार गरी निवेदकलाई बोधार्थ दिइएको। |
| २. | फरकधार डट कमका समाचार सम्पादक श्री सुरेन्द्र पौडेलले प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोष सम्बन्धी सूचना माग गरी मिति २०७८/०८/२४ मा निवेदन दर्ता गर्नुभएको । | प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोष सम्बन्धी विगत ३ आ.व.हरूको विवरण उपलब्ध गराइएको । |
| ३. | श्री ऋषि खतिवडा, अर्थन्युज टेलिभिजनले २०६२ साल यता बनेका सरकार प्रमुख र मन्त्रीहरूको विवरण सम्बन्धी सूचना माग गरी मिति २०७८/०८/२१ मा निवेदन दर्ता गर्नुभएको । | नेपाल सरकारका प्रमुख र मन्त्रीहरू सम्मानीय राष्ट्रपतिले नियुक्ति गर्ने र सोको सूचना नेपाल राजपत्रमा प्रकाशित हुने हुँदा उक्त सूचना नेपाल राजपत्रबाटै प्राप्त गर्न सकिने व्यहोराको सूचना उपलब्ध गराइएको । |